म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २१७ | बुधबार, ६ चैत २०८१ | ने. सं. ११४५ चिल्लागा | 19 March 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आगलागीबाट दर्लामीको १० लाख भन्दा बढीको क्षति

हेटौंडा, ५ चैत/मकवानपुरगढी गाउँपालिका-२ बासपानी निवासी कृष्णबहादुर दर्लामीमगरको घर मंगलबार विहान जलेर नष्ट भएको छ । करिब साढे ९ बजेतिर घरमा खोले पकाउन बालेको आगोले घर जलेको वडा नं. २ का अध्यक्ष बखानसिं पाख्रिनले बताए । आगलागी भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट प्रहरी निरीक्षक वीरेन्द्र रायमाझीको कमाण्डमा प्रहरीटोली, बारुणयन्त्रकर्मी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको अध्यक्ष पाख्रिनले बताए । आगलागीबाट मगरको घर पूर्णरुपमा क्षती भएको भएको छ । अचल सम्पति जलेर नष्ट भएको उनले बताए । आगलागीपीडित मगरका अनुसार घरमा रहेको धान १५ मुरी, चामल १ बोरा, आलु ४ बोरा, सुनको तिलहरी, झुम्का, हातको बाला, बच्चाको कल्ली बाला गरी अन्दाजी ५ तोला सुन, लत्ताकपडा र भाँडा गरी दश लाख भन्दा बढीको क्षति भएको अध्यक्ष पाख्रिनले बताए । आगलागीबाट मानवीय र चौपाया क्षती नभएको प्रहरीले जनाएको छ ।

### कलंकी-मार्खु-सिम्लाङ-विसिंखेल सडकको बिजोग

# निर्माण अवधि सकिन ३ महिना बाँकी, भौतिक प्रगति ३० प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुर जिल्लाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको कुलेखानी, मार्खु, चित्लाङ, बज्रबाराही तथा दामन-पालुङलाई लिने गरिन्छ । तर, ति ठाउँमा पुग्ने सडक अलपत्र हुँदा आन्तरिक तथा बाह्य पर्यटकलाई आवगमनमा समस्या परेको छ ।

विशेष गरी कलंकी-मार्खु-सिम्लाङ-विसिंखेल खोला सडकको निर्माणकार्य सुस्तगतिमा हुँदा पर्यटकलगायत स्थानीय र व्यवसायीलाई सास्ती भएको छ । लालिगुराँस, सुन्दरवस्ती, नेपालकै पहिलो र ठूलो मानवनिर्मित जलासय (इन्द्रसरोवर), डुंगा शयरको लागि त्यहाँ पुग्नका लागि यात्रा सहज भने छैन । हिउँदमा धुलो र वर्षामा हिलोको सामाना गर्दै जानुपर्ने अवस्था छ ।



सडकको अवस्था राम्रो नहुँदा पछिल्लो समय पर्यटकको संख्यामा कमी आएको स्थानीय राजकिशोर कार्कीले बताए । 'सडक भत्काएर अलपत्र छाड्दा धुलो-धुवाँका कारण बसोबास गर्न पनि कठिन भएको छ' उनले भने 'धुलो उडेर हैरान भएपछि आफूहरुले नै ट्यांकरबाट पानी हाल्ने काम गरेका छौं ।' सडकमा धुलो उडेर रुघाखोकी लाग्ने, श्वासप्रश्वासको समस्या देखापरेको स्थानीय बिमला बलामीको गुनासो छ । छिटो भन्दा छिटो सडकलाई कालोपत्रे गर्न उनले माग गरिन् ।

'सडक निर्माण समयमा नहुँदा आवतजावतमा कठिन भएको र व्यापार व्यवसाय चल्न सकेको छैन' उनले बताइन् 'विगतको तुलनामा यो क्षेत्रमा पर्यटक कम आउने गरेका छन्, होटल व्यवसाय निकै कम मात्रामा चल्दा अप्ठेरो परेको छ ।' पर्यटकीयरुटको रुपमा विकास गर्ने गरी बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको ३५ करोड २८ लाख ६२ हजार रुपैयाँ लगानीमा लामा आइएस आरआर जेभी काठमाडौंले दुई वर्षमा सक्ने गरी ठेक्का सम्झौता गरेको थियो ।

२०८२ असार १८ गते निर्माणकार्य सक्ने गरी निर्माण कम्पनीले सम्झौता गरेको हो । तर, निर्माणअवधि सकिन ३ महिना मात्र बाँकी रहँदा भौतिक प्रगति ३० प्रतिशत र वित्तीय प्रगति २८ प्रतिशत रहेको छ । ८ दशमलब ८ मिटर लम्बाइको यो सडक चौडा गरी कालोपत्रे सडकमा स्तरोन्नति गर्ने मुख्य जिम्मेवारी निर्माण कम्पनीले पाएको हो ।

समयमै निर्माणकार्य सक्नका लागि पूर्वाधार विकास कार्यालयले पटकपटक लिखित र मौखिकरुपमा ताकेता गरिरहेको भएपनि काम तीव्रगतिमा हुन नसकेको पूर्वाधार विकास कार्यालय हेटौंडाका प्रमुख सुजन भण्डारीले स्वीकार गरेका छन् ।

निर्माणकार्य समयमै सक्न आफूले निरन्तर छलफल तथा अनुगमन गरिरहेको भण्डारीले बताए । निर्माण कम्पनीलाई काम छिटो गर्न दवाब बढाइरहेको उनको भनाइ छ । यो ठेक्काको काम समयमै सक्न कार्यालयले पछिल्लो ४ महिनामा मात्र ३ पटक छलफल गरेको छ भने ५ पटक भन्दा बढी पत्राचार गरेको छ । निर्माणको कामलाई तीव्र बनाउन निर्माण कम्पनीलाई दवाब दिइरहेको कार्यालय प्रमुख भण्डारीले बताए । काम समयमै सक्न कार्यालयले ३ पटक निर्माण व्यवसायीसँग बैठक बसेर निर्णय समेत गरेको उनको भनाइ छ ।

हालकै अवस्थामा यो ठेक्काको काम निर्धारित अवधिभित्र सक्ने अवस्था नरहेको भण्डारीले बताए । यद्यपि कार्यालयको निरन्तरको प्रयासपछि चैत पहिलो साताबाट निर्माण सामग्री र जनशक्ति थप गरेर काम गर्ने प्रतिबद्धता निर्माण कम्पनीले जनाएको उनको भनाइ छ । निर्माण कम्पनीले क्रसर स्थापनाको काम गरिरहेको र क्रसर सञ्चालन भएपछि कामले तीव्रता पाउने जनाएको भण्डारी बताउँछन् । यो ठेक्कामा चालु आर्थिक वर्षमा नाला निर्माण, बेस तथा ग्राभेल गर्ने काम सक्ने लक्ष्य रहेको उनले बताए । ठेक्काको अनुगमन तथा मूल्यांकन सहित म्याद थपको बारेमा निर्णय गर्ने र आगामी आर्थिक वर्षमा कालोपत्रे गर्नेगरी कार्यालयले योजना तयार गरेको प्रमुख भण्डारीले बताए ।

# दोस्रो चौमासिकसम्मको प्रगति विवरण सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले चालु आर्थिक वर्षको दोस्रो चौमासिक अवधीसम्मको प्रगति विवरण सार्वजनिक गरेको छ ।

मन्त्रालयले मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै विवरण सार्वजनिक गरेको हो । विवरण अनुसार मन्त्रालयले चालू आर्थिक वर्षको ८ महिनाको अवधिमा कुल बजेटको ३६ दशमलव २४ प्रतिशत रकम खर्च गरेको छ । चालूतर्फ कुल बजेटको ३९ दशमलव ०९ प्रतिशत र पूँजीगततर्फ १९ दशमलव ८६ प्रतिशत खर्च गरेको मन्त्रालयका प्रवक्ता डाक्टर खगेश्वर गेलालले जानकारी दिएका छन् ।

कार्यालयगतरुपमा ६५ प्रतिशतसम्म वित्तीय प्रगति भएको उनले बताए । आर्थिक वर्षका लागि स्वास्थ्य मन्त्रालयका लागि ४ अर्ब ८ करोड बजेट विनियोजन गरिएको छ । यस अवधिमा मन्त्रालयले प्रदेश जनसंख्या नीति र प्रदेश स्वास्थ्यक्षेत्र रणनीतिक योजना तयारका लागि मस्यौदा तयार पारेको छ । सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित व्यक्ति लगायत लक्षित वर्गका लागि निशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनका लागि ८ करोड २५ लाख रकम स्वास्थ्य बीमा कार्यालय बागमती प्रदेशलाई भूक्तानी गरेको छ ।

यसका साथै सीमान्तकृत तथा लोपोन्मुख समुदायमा पूर्णखोप लगाएका बालबालिकाका आमालाई उत्प्रेरणास्वरुप ५ हजार प्रदान गरेको छ । मन्त्रालयले प्रदेशका ५ वटा स्थानीय तहलाई ग्रामीण अल्ट्रासाउण्ड मेसिन प्रदान गरेको प्रवक्ता गेलालले बताए । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले संघीयता लागु भएपछि विशेष गरी स्वास्थ्य, शिक्षा क्षेत्रले ठूलो फड्को मारेको बताए ।

मन्त्रालय मातहत रहेका सबै प्रादेशिक अस्पताल, जनस्वास्थ्य कार्यालय र आयूर्वेद तथा वैकल्पिक चिकित्सालयका सेवा सुधारमा उल्लेखनीय प्रगति भएको उनले दाबी गरेका छन् । मन्त्रालयले हालसम्म ८ सय ४८ सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम बिस्तार गरेको मन्त्री थापाले जानकारी दिए । मंगलबार नै मन्त्रालयले स्वास्थ्य संस्था दर्ता र नवीकरण प्रणालीको शुभारम्भ गरेको छ ।

# दिव्यसेवा निकेतनलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/हेटौंडा-१५ मा रहेको दिव्यसेवा निकेतन वृद्धाश्रमलाई नगद २५ हजार रुपैयाँ सहयोग गरिएको छ ।

मिस्टर नेपाल २०२४ का सेकेण्ड रनरअप मकवानपुरका आयुष बम्जन नेतृत्वको टोलीले आयोजना गरेको 'म्युजिक फर कज' कार्यक्रमबाट बचेको रकम मंगलबार बृद्धाश्रमलाई हस्तान्तरण गरेको हो । कार्यक्रममा सहभागी म्युजिसियनको शुल्क र रकम थप गरी बृद्धाश्रमलाई सहयोग गर्ने प्रतिबद्धताअनुरुप हस्तान्तरण गरिएको बम्जनले बताए ।

कार्यक्रममा हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१५ का वडाअध्यक्ष सुनिल मोक्तान, नेक्स्ट मोडल नेपालका सिइओ रवि धमला, नासा नेपालका सचिव आशिष मान, मिस टिन हेटौंडा २०१० पूजा श्रेष्ठ, दिव्यसेवा निकेतनका केदार न्यौपाने, निकेतनका संस्थापक टीआर निरौलालगायतको उपस्थिति थियो ।

फागुन २४ गते हेटौंडाको पिप्ले-क्याम्पा रंगशालामा म्युजिक फर कज आयोजना गरिएको थियो । कार्यक्रममा एकसय बढी बाद्यवादकले सामूहिकरुपमा सांगीतिक प्रस्तुती दिएका थिए । मिस्टर नेपाल २०२४ का सेकेण्ड रनरअप बम्जनको नेतृत्वमा कार्यक्रमको आयोजना भएको थियो ।

# हेटौंडाका सापकोटा शिक्षक सेवा आयोगमा नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/शिक्षक सेवा आयोगको रिक्त दुई सदस्यमा शिक्षा मन्त्रालयका पूर्वसहसचिव हेटौंडाबासी रामशरण सापकोटा र शिक्षक पवित्रा सुवेदीलाई नियुक्ति गर्ने मन्त्रीपरिषद्ले निर्णय गरेको छ । सापकोटा सत्ताधारी दल एमाले निकटका पूर्वकर्मचारी हुन् ।

तत्कालीन जिल्ला शिक्षा कार्यालय मकवानपुरमा विद्यालय निरीक्षक भएर काम गरेका सापकोटा आधुनिक राष्ट्रिय माविका पूर्वविद्यार्थी हुन् । सुवेदी रत्नराज्य माध्यमिक विद्यालय काठमाडौंकी शिक्षक हुन् । उनी शिक्षामन्त्री विद्या भट्टराई निकट मानिन्छन् । पूर्व सदस्यहरु नन्दकुमारी महर्जन र डा. डिल्लिराम रिमालको अवधि सकिएपछि आयोगमा दुई सदस्य खाली रहेको थियो । लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा केशरजंग बराल र शिक्षा मन्त्रालयका सचिव दीपक काफ्ले सदस्य रहेको छनोट समितिले गत फागुन ६ गते उनीहरुको नाम सिफारिस गरेको थियो ।

यसबीचमा शिक्षामन्त्री भट्टराई विरामी परेका कारण मन्त्रीपरिषद्मा प्रस्ताव पठाउन ढिलो भएको र सोमबारको बैठकले बल्ल निर्णय गरेको श्रोतले बतायो । रेग्मी संयोजकत्वको छनोट समितिले माघ १ मा दर्खास्त आव्हान गरेको थियो । आवेदन दिएका ३१ मध्ये समितिले ११ जनाको नाम सर्टलिष्ट गरेको थियो । सर्टलिष्टमा पर्नेमध्ये शिक्षा सेवाका तीनजना पूर्वसहसचिव सहित ७ जना पूर्वकर्मचारी थिए । शिक्षाका पूर्वसहसचिव सापकोटा सहित केशव प्रसाद दाहाल र डा.भोजराज शर्मा काफ्ले सर्टलिष्टमा परेका थिए ।

अन्य सेवाका पूर्व सहसचिवहरु हीरामणि शर्मा, थानेश्वर गौतम र नवराज सापकोटा पनि सर्टलिष्टमा परेका थिए । शिक्षा मन्त्रालयका पूर्वउपसचिव खेमनाथ पोखरेल र सुवेदी सहित, ज्ञानोदय मावि काठमाडौंकी प्रधानाध्यापक विष्णु घिमिरे रिमाल पनि सर्टलिष्टमा परेका थिए । आयोगको सदस्य हुन आवेदन हालेका शिक्षकमध्येबाट सुवेदी, डा. लाक्पा शेर्पा र बबिता लाभकायस्थ पनि सर्टलिष्टमा परेका थिए । शेर्पा कीर्तिपुरको ल्याबरोटरी स्कुलका प्रिन्सिपल हुन भने कायस्थ निजी विद्यालय सञ्चालक हुन् ।

सुरुमा आवेदन हाल्नेहरुमा सामुदायिक र निजी विद्यालयका शिक्षकको संख्या धेरै थियो । दर्खास्त स्वीकृत भएका उम्मेदवारको अवधारणापत्र र व्यावसायिक कार्ययोजनाको प्रस्तुती सहित अन्तर वार्ता लिइएको थियो ।

आयोगका दुई सदस्य मध्ये महर्जन असोजमा र रिमालको अवधि माघमा सकिएपछि नयाँ नियुक्तिको प्रक्रिया सुरु भएको हो । यसअघि २०७७ पुसमा नियुक्त भएका अध्यक्ष मधुप्रसाद रेग्मी सहित महर्जन र रिमालको नियुक्तिमा तत्कालीन शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठले ढिलाई गरेका थिए । सिफारिस भएको सात महिनापछि बल्ल उनीहरुको नियुक्ति गरिएको थियो ।

# पालुङ क्याम्पसमा स्ववियू निर्वाचन स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुरको थाहा नगरपालिका स्थित पालुङ बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन हुन सकेन । बिहान ८ बजेदेखि निर्वाचन गराउन निर्वाचन अधिकृतले सम्पूर्ण तयारी गरेपनि अनेरास्ववियु र नेपाल विद्यार्थी संघले बिहान ६ बजे निर्वाचन अधिकृतको कार्यालयमा तालाबन्दी गरेपछि निर्वाचन हुन नसकेको हो ।




यस्तै निर्वाचन गराउन बिहानैदेखि असहज परिस्थिति निर्माण भएको भन्दै निर्वाचन समितिले मध्यान्ह राजिनामा दिएको थियो । निर्वाचन संयोजक कुमार नेगी, सदस्य हरिकृष्ण कार्की, मीना महर्जनले संयुक्त राजिनामा दिएका हुन् । निर्वाचन गराउन बिहान १० बजे थाहा नगरपालिका कार्यालयमा चार दलको प्रमुख सहित छलफल भएपनि निष्कर्ष निकाल्न सकेनन् । अखिल क्रान्तिकारी र छैटौंका विद्यार्थी निर्वाचन गराउनुपर्ने भन्दै गेट खोलेर भित्र पस्दा स्थिति केहीबेर तनावग्रस्त बन्न पुगेको थियो ।

साँझ क्याम्पस प्रशासनले अनेरास्ववियु र नेविसंघको कारण चुनाव हुन नसकेको जनाउदै परिस्थिति असहज भएकोले निर्वाचन स्थगित भएको सूचना जारी गरेको छ । ७२ जना मतदाता रहेको क्याम्पसमा तालाबन्दीसँगै निर्वाचन अनिश्चित बनेको हो । नेरास्ववियुबाट रोशनी गोपाली र अखिल क्रान्तिकारीबाट रुबिना खत्री अध्यक्ष पदका उम्मेदवार थिए ।

# मनहरीमा बसले स्कुटरलाई ठक्कर दिँदा बरामुको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुरको मनहरीमा बसले स्कुटरलाई ठक्कर दिँदा एकजनाको ज्यान गएको छ । दुर्घटनामा एकजना घाइते भएका छन् ।

पूर्वपश्चिम सडक खण्डमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा ४ ख ५५८२ नम्बरको बसले मनहरी गाउँपालिका-६ भुलचोकमा मनहरीबाट चितवनतर्फ जाँदै गरेको बा प्र ०६-००२ प ४२३३ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो । स्कुटरमा सवार एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-२ क्षेत्रपुर बस्ने वर्ष २८ का आकाश बरामु रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए ।

दुर्घटनमा गम्भिर घाइते भएका बरामूको भरतपुरको नयाँ मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो । यसैगरी घाइते हुनेमा सुनसरी ईटहरी उपमहानगर पालिका-७ बस्ने वर्ष २८ का बुद्ध लामा रहेका छन् । उनको भरतपुरमा उपचार भइरहेको छ । घटनामा एकजनाको मृत्यु र एकजना गम्भिर घाइते भएकोले स्कुटरचालक को हुन् ? भन्ने अनुसन्धानमै रहको प्रहरीले जनाएको छ । प्रहरीले बसका चालक उदयपुर चौदण्डी नगरपालिका-७ का नवीन थापालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान थालेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# एसईईको तयारी पूरा

यतिबेला ५२ प्रतिशत विद्यार्थी फेल भएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीले आमशिक्षकलाई अपमानजनक अभिव्यक्ति दिएको भनेर मुलुकका शिक्षक रुष्ट भएका छन् । शिक्षक महासंघ सडक आन्दोलनमा उत्रिएको छ । उच्चशिक्षा अध्ययन गर्ने क्याम्पसमा स्ववियू निर्वाचनले तनावको अवस्था सृजना गरेको छ । विद्यालय शिक्षा ऐन जारी नभएको भन्दै शिक्षाक्षेत्रमा निराशाजनक वातावरण सृजना भएको छ । यति हुँदाहुँदै पनि माध्यमिक परीक्षा संचालन गर्न सरकारी संयन्त्रको तयारी अन्तिमचरणमा पुगेको छ । मकवानपुरबाट ७ हजारभन्दा बढी विद्यार्थीले एसईई परीक्षा दिँदैछन् । चैत्र ७ गते बिहीबारदेखि सुरुहुने परीक्षामा नियमिततर्फ प्राविधिक र साधारण गरी ७ हजार ४ सय ५६ जना विद्यार्थीले सहभागिता जनाउन लागेका हुन् । मधेश प्रदेश सरकारले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) सहभागी नहुने निर्णय गरेको छ । मधेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबार पत्रकार सम्मेलन गरी एसईई केन्द्राध्यक्ष चयन प्रक्रियामा आपत्ति जनाउदै परीक्षामा सहभागी नहुने निर्णय गरेका हुन् । मधेश प्रदेश सरकारका अनुसार राष्ट्रिय परीक्षा बोर्डको नियमावली र प्रदेश सरकारको निर्देशनविपरीत केन्द्राध्यक्ष नियुक्ति प्रक्रिया अघि बढाइएको छ । एसईई व्यवस्थित, मर्यादित र प्रतिष्ठित बनाउन मधेश प्रदेश सरकारले केन्द्राध्यक्ष नियुक्ति गोलाप्रथाबाट गर्ने निश्चित विधि र प्रक्रिया तय गरेको थियो । प्रदेश परीक्षा सञ्चालन र व्यवस्थापन समितिको मार्गनिर्देशनमा परीक्षा समन्वय समितिलाई निर्देशन दिइएको थियो । मकवानपुरमा यसवर्ष ग्रेडवृद्धिका लागि साधारणतर्फ १ हजार ४ सय ९५ र प्राविधिक धारतर्फ ९६ जनाले परीक्षा दिँदैछन् । परीक्षाको लागि मकवानपुरमा २८ वटा परीक्षा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरले जानकारी दिएको छ ।

गतवर्ष २६ वटा मात्रै परीक्षा केन्द्र तोकिएको मकवानपुरमा यसवर्ष कैलाश गाउँपालिकाको नामटारस्थित कालिका मावि र हेटौंडाको श्रमिक माविमा परीक्षा केन्द्र थप गरिएको हो । कैलाश गाउँपालिकामा परीक्षा केन्द्र थप गरिएसँगै मकवानपुरको सबै स्थानीय तहमा परीक्षा केन्द्र कायम भएको छ । कैलाश गाउपालिकाले एसईई दिने विद्यार्थीको लागि आवसीय क्षात्रबासको व्यवस्था गरेको छ । गाउँपालिकाको लगानीमा पालिकाबाट एसईई परीक्षाको लागि सहभागी हुने १४९ जना नियमित र ६७ जना ग्रेडबृद्धिका लागि सहभागी हुने २१६ जना विद्यार्थीको लागि खाना तथा बस्ने व्यवस्था गरेको हो । यसवर्ष मकवानपुरमा बागमती गाउँपालिका अन्तर्गत जनता मावि फापरबारी, बकैया गाउँपालिकाअन्तर्गत बुद्ध मावि हात्तीसुँडे र महेन्द्र मावि छतिवन, जनकल्याण मावि पालुङ, महेन्द्र मावि भीमफेदी, मत्स्यनारायण मावि पालुङ, सरस्वती बालबोधीनी मावि मार्खु, बज्रबाराही मावि, राष्ट्रिय रोटरी मावि मनहरी, महेन्द्रकिरण मावि मनहरी परीक्षा केन्द्र कायम भएका छन् । महेन्द्रकिरण मावि हेटौंडा-३ बसामाडी, निर्मल मावि बस्तीपुर, वंशगोपाल मावि चौघडा, आधुनिक राष्ट्रिय मावि हेटौंडा-४, ज्ञानदा मावि हेटौंडा-१०, बालज्योति मावि हेटौंडा-५ पिप्ले, सिद्धार्थ मावि हेटौंडा-२, भुटनदेवी मावि हेटौंडा-४, जिएस निकेतन हेटौंडा-५, सोलिड्यारिटी बोर्डिङ स्कुल हेटौंडा-१०, प्रगति मावि हेटौंडा-९, जनप्रिय मावि हेटौंडा-१६, अमर मावि हेटौंडा-१, श्रमिक मावि हेटौंडा-४, चन्द्रोदय मावि हेटौंडा-८ र प्रजाजागृति मावि राक्सिराङ र कैलाश गाउँपालिका-९ नामटारमा रहेको कालिका मावि गरी २८ परीक्षा केन्द्र निर्धारण गरेको छ । हेटौंडाका श्रमिक माविमा भने प्राविधिक धारतर्फका विद्यार्थीहरुका लागि मात्रै केन्द्र तोकिएको छ । सबै स्थानीय तहमा केन्द्राध्यक्षलाई प्रशिक्षण दिएर खटाइएको छ ।

एसईई परीक्षाका लागि २८ केन्द्राध्यक्ष, ५१ सहायक केन्द्राध्यक्ष, ३७४ निरीक्षक, ७६ परीक्षा सहायक, १५० कार्यालय सहयोगी र ४२० जना सुरक्षाकर्मी खटाइएको छ । टाढा रहेका सबै पालिकामा प्रश्नपत्र र उत्तरपुस्तिका पुगिसकेको जानकारी दिँदै नजिकका केन्द्रमा पनि मंगलबारसम्म पुगेको छ । परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरले सार्वजनिक गरेको तालिकाअनुसार पहिलो दिन चैत ७ गते अनिवार्य अंग्रेजी विषय, सोही दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुनेछ । चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीका लागि अंग्रेजी 'इलेक्टिभ इङ्लिस' को परीक्षा हुनेछ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवम् संस्कृततर्फ शुक्लयजुर्वेद, सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ । १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुनेछ । लेटर ग्रेडिङ (अक्षराङ्कन) प्रणालीमै यसवर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरिएको छ भने चैत १९ सम्म सञ्चालन हुने परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत ७ गते बिहीबार २० मार्च २०२५ । षष्ठी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:१०, सूर्यास्त ६:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# शिक्षक आन्दोलन किन ?

**महासंघले सरकारसँग राखेका मागहरूमा शिक्षकको तलबभत्ता निजामती कर्मचारीको स्तरमा पुऱ्याउने, अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने, विद्यालय कर्मचारीको जिम्मेवारी सुनिश्चित गर्ने र शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्नेजस्ता बुँदाहरू समावेश छन् ।**



✍ एमपी यादव

नेपाल शिक्षक महासंघको नेतृत्वमा भइरहेको आन्दोलनले देशको शिक्षा क्षेत्रमा लामो समयदेखि जरा गाडेर बसेका समस्यालाई सतहमा ल्याएको छ । यो आन्दोलन शिक्षकहरूको पेसागत सम्मान, अधिकार र सुविधाको मागमा केन्द्रित भए पनि यसको प्रभाव समग्र शैक्षिक प्रणाली र समाजमा पर्नेछ । शिक्षकहरू, जो राष्ट्रको भविष्य निर्माता हुन्, उनीहरूको यो आन्दोलनले सरकारलाई गम्भीर प्रश्न सोध्न बाध्य बनाएको छ । शिक्षकको सम्मान र सुविधाविना कसरी गुणस्तरीय शिक्षा सम्भव छ ? यो आन्दोलन केवल शिक्षकहरूको मागमा सीमित छैन, यो देशको शैक्षिक भविष्य र सामाजिक न्यायसँग जोडिएको एउटा महत्त्वपूर्ण मुद्दा हो ।

### आन्दोलनको पृष्ठभूमि र कारण

नेपाल शिक्षक महासंघ देशभरका शिक्षकहरूको प्रतिनिधित्व गर्ने सबैभन्दा ठुलो संगठन हो । यो संगठनले विगतदेखि नै शिक्षकहरूको हकहित र शिक्षा क्षेत्रको सुधारका लागि आवाज उठाउँदै आएको छ । हालैको आन्दोलन भने शिक्षकहरूको वर्षौंदेखिको असन्तुष्टिको परिणाम हो । शिक्षकहरूले न्यून तलब, अस्थायी रोजगारीको असुरक्षा, पेसागत सम्मानको अभाव र विद्यालयमा उचित सुविधाको कमीजस्ता समस्या भोग्दै आएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका शिक्षकहरूको अवस्था दयनीय छ । उनीहरूले न्यूनतम सुविधा पनि नपाएको गुनासो बारम्बार सुनिन्छ ।

महासंघले सरकारसँग राखेका मागहरूमा शिक्षकको तलबभत्ता निजामती कर्मचारीको स्तरमा पुऱ्याउने, अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने, विद्यालय कर्मचारीको जिम्मेवारी सुनिश्चित गर्ने र शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्नेजस्ता बुँदाहरू समावेश छन् । यी माग नयाँ होइनन् । सरकारले विगतमा शिक्षकसँग पटक-पटक सम्झौता गरेको थियो, तर ती सम्झौता कार्यान्वयनमा ढिलाइ भएको छ । अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने प्रक्रिया वर्षौंदेखि अल्झिएको छ र तलब-भत्ता वृद्धिको कुरा पनि कागजमै सीमित छ । यस्तो उदासीनताले शिक्षकहरूको धैर्यको बाँध टुटेको छ र उनीहरू सडकमा उत्रिएका छन् । यो आन्दोलनले शिक्षकहरूको पीडालाई मात्र होइन, शिक्षा क्षेत्रको अव्यवस्थालाई पनि उजागर गरेको छ ।

### मागहरूको महत्त्व र औचित्य

शिक्षक महासंघले उठाएका मागहरूले शिक्षकको जीवनस्तर र शैक्षिक सुधार दुवैलाई सम्बोधन गर्छन् । पहिलो, तलब-भत्ता निजामती कर्मचारीको स्तरमा पुऱ्याउनुपर्ने मागले शिक्षकहरूलाई अन्य सरकारी कर्मचारीहरूसँग समान हैसियत दिन्छ । आजको महँगीमा शिक्षकको हालको तलबले आधारभूत आवश्यकता पूरा गर्न पनि गाह्रो छ । शिक्षकहरूलाई सम्मानजनक जीवनयापनको ग्यारेन्टी नहुँदा उनीहरूको ध्यान शिक्षणभन्दा अन्यत्र जान्छ ।

दोस्रो, अस्थायी शिक्षकहरूलाई स्थायी गर्नुपर्ने मागले लामो समयदेखि सेवा गरेका शिक्षकमाथिको अन्याय हटाउँछ । देशभर हजारौँ शिक्षक अस्थायी रूपमा काम गरिरहेका छन् र उनीहरूको भविष्य अनिश्चित छ । यो अवस्थाले उनीहरूको पेसागत सुरक्षा र मनोबलमा ठुलो असर परेको छ ।

तेस्रो, विद्यालय कर्मचारीको व्यवस्थाले शिक्षकहरूलाई प्रशासनिक बोझबाट मुक्त गर्छ । अहिले धेरै शिक्षकले शिक्षणबाहेक लेखापढी, सफाइ र अन्य गैरशैक्षिक काम गर्नुपर्छ, जसले उनीहरूको अध्यापनमा खर्चिनुपर्ने समय खेर जान्छ । शिक्षक महासंघसँग भएको सम्झौता लागु भएमा शिक्षकहरूको मनोबल बढ्नेछ र कक्षाकोठामा उनीहरूको प्रदर्शन सुधि्नेछ । शिक्षकहरूले सुरक्षित र सम्मानित महसुस गरेमा उनीहरूले विद्यार्थीलाई अझ राम्रोसँग सिकाउन सक्छन् । यो आन्दोलनले शिक्षकको पेसालाई सम्मानित बनाउन र शिक्षा क्षेत्रमा सुधारको आधार तयार गर्न सक्छ । शिक्षकहरूले सम्मान र सुविधा पाउनु भनेको देशको शैक्षिक गुणस्तरमा लगानी गर्नु हो ।

### सामाजिक र शैक्षिक प्रभाव

शिक्षकहरूको यो आन्दोलन केवल उनीहरूको व्यक्तिगत हितमा सीमित छैन, यसले समग्र समाज र शिक्षा क्षेत्रमा गहिरो प्रभाव पार्छ । शिक्षकहरूले सम्मान र सुविधा नपाउँदा उनीहरूको ध्यान शिक्षणभन्दा जीविकोपार्जनमा केन्द्रित हुन्छ । यो अवस्थाले विद्यार्थीको सिकाइ स्तर खस्काउँछ । जब विद्यार्थीले गुणस्तरीय शिक्षा पाउँदैनन्, देशको मानव संसाधन कमजोर बन्छ । शिक्षकहरूको सुधारिएको अवस्थाले कक्षाकोठामा सकारात्मक वातावरण सिर्जना गर्छ, जसले विद्यार्थीको शैक्षिक उपलब्धि र आत्मविश्वास बढाउँछ ।

यो आन्दोलनले समाजमा शिक्षकको भूमिकालाई पुनः परिभाषित गर्न पनि मद्दत गर्छ । अहिले पनि धेरै ठाउँमा शिक्षकहरूलाई कम आँकिन्छ । शिक्षकहरूलाई सम्मान र सुविधा नदिँदा उनीहरूको पेसागत सम्मानमा आघात पुग्छ । जब शिक्षकहरूले सम्मान र सुविधा पाउँछन्, समाजले पनि उनीहरूलाई उच्च स्थानमा राख्न थाल्छ । यो परिवर्तनले शिक्षण पेसालाई आकर्षक बनाउँछ । भविष्यमा थप योग्य र प्रतिबद्ध व्यक्तिहरू यो पेसामा आउनेछन्, जसले शिक्षा क्षेत्रको स्तर उकास्नेछ । साथै यो आन्दोलनले अभिभावक र विद्यार्थीलाई पनि शिक्षकको महत्त्व बुझ्न प्रेरित गर्छ ।

### सरकारको जिम्मेवारी र अपेक्षा

सरकारले शिक्षकहरूको मागलाई गम्भीरतापूर्वक लिएर तत्काल वार्ता गर्नुपर्छ । विगतका सम्झौतालाई कार्यान्वयन गर्न ढिलाइ गर्नुको सट्टा ठोस कदम चाल्नुपर्छ । तलबभत्ता वृद्धि, अस्थायी शिक्षकको स्थायीकरण, विद्यालय कर्मचारीको व्यवस्थापन र विद्यालय शिक्षा ऐन पारितजस्ता मुद्दाहरूमा तुरुन्त समाधान खोजिनुपर्छ । शिक्षक दरबन्दीको उचित वितरण र शिक्षण सुधारका लागि दीर्घकालीन नीति बनाउनुपर्छ । सरकारले यो आन्दोलनलाई दबाउन खोज्नुको सट्टा अवसरको रूपमा लिनुपर्छ । शिक्षकहरूको माग सम्बोधन गर्नु भनेको शिक्षा क्षेत्रमा सुधारको सुरुवात गर्नु हो । सरकारले यो मौका गुमायो भने यसको मूल्य भावी पुस्ताले चुकाउनुपर्नेछ । शिक्षकहरूको सम्मान र सुविधा सुनिश्चित गर्न बजेट र नीतिगत प्रतिबद्धता आवश्यक छ । सरकारले शिक्षकहरूसँग सहकार्य गरेर समाधान खोज्नुपर्छ, जसले शिक्षक र विद्यार्थी दुवैको हित गर्छ ।

### समाजको भूमिका र सहभागिता

शिक्षकहरूको यो आन्दोलनमा समाजको सहभागिता उत्तिकै महत्त्वपूर्ण छ । अभिभावक, विद्यार्थी र नागरिक समाजले शिक्षकहरूको मागलाई समर्थन गर्नुपर्छ । शिक्षकहरूको सुधारले हाम्रा सन्तानको भविष्यमा प्रत्यक्ष प्रभाव पार्छ । यो केवल शिक्षकहरूको लडाइँ होइन, यो हामी सबैको साझा मुद्दा हो । सामाजिक सञ्जाल, सभा र अन्य माध्यमबाट यो आन्दोलनलाई बलियो बनाउन सकिन्छ । जब समाज एकजुट हुन्छ, सरकारमाथि दबाब बढ्छ र समाधानको बाटो खुल्छ । अभिभावकहरूले आफ्ना छोराछोरीका शिक्षकहरूको मागप्रति संवेदनशील हुनुपर्छ । विद्यार्थीले पनि यो आन्दोलनलाई बुझेर शिक्षकहरूसँग ऐक्यबद्धता जनाउन सक्छन् । नागरिक समाजले सरकार र शिक्षकहरूबिच मध्यस्थताको भूमिका खेल्न सक्छ । यो आन्दोलनलाई सफल बनाउन सबैको सहयोग आवश्यक छ । शिक्षकहरू एक्लै लडिरहँदा समाज चुप लागेर बस्नु उचित होइन ।

### निष्कर्ष

नेपाल शिक्षक महासंघको यो आन्दोलन शिक्षकहरूको सम्मान, अधिकार र शिक्षा क्षेत्रको सुधारका लागि एउटा महत्त्वपूर्ण कदम हो । यो आन्दोलनले शिक्षकहरूको पेसागत सम्मान र सुविधालाई मात्र होइन, देशको शैक्षिक भविष्यलाई पनि बलियो बनाउनेछ । सरकार र समाज दुवैले यो आन्दोलनलाई सकारात्मक रूपमा लिई शिक्षकहरूको माग सम्बोधन गर्नुपर्छ । शिक्षकहरूको सम्मान र सुविधा सुनिश्चित गर्नु भनेको देशको भविष्यमा लगानी गर्नु हो । यो आन्दोलनले शिक्षक र शिक्षा क्षेत्रमा नयाँ आशा र सम्भावनाको ढोका खोलोस् भन्ने अपेक्षा छ । शिक्षकहरूको यो संघर्षले देशको शिक्षा प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनेछ र यो परिवर्तन हामी सबैको साझा विजय हुनेछ ।

*(साभार: रातोपाटी)*

# लोकतन्त्र: 'बाँदरको हातमा लड्डु'

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

हाम्रा लागि लोकतन्त्र बाँदरको हातको लड्डु भएको छ । हामीलाई लोकतन्त्रको परिभाषा नै सिकाएनन् विदेशीले । आफ्नो अनुकूल प्रयोग गर्ने लोकतन्त्र सर्वथा निकम्मा देखिएको छ यहाँ, परिवारवादका कारण । समाजवाद भनिरहँदा समाज एकातिर छरिएको छ, लोकतन्त्र अर्कैतिर र विदेशमा जनशक्ति निर्यात गरेर विप्रेषण कमाउ धन्दामा छ हाम्रो लोकतन्त्र । यो लोकतन्त्र होइन, लोभतन्त्र हो । सरकारी मेसिनरी खिया लगाई आफ्नो दुनो सोझ्याउनमा व्यस्त लोकतन्त्रले नजन्मदै नेपालीहरुलाई ठूलो ऋणभारमा पारेको छ ।

विदेशीहरुका फूलबारी बनेको लोकतन्त्र स्वदेशीका लागि मकैबारी बन्न सकेन, न धानखेत बा उखुबारी नै बन्न सक्यो, बरु धानखेत वा मकै, कोदोबारीलाई डोजरले धसिदियो । बिचौलियाहरुले, भूमाफियाहरुले उर्बर भूमिलाई मरुभूमि बनाइदिए, गाउँमा जन्ती छैनन् विवाहमा र मलामी छैनन् मृत्युमा, राजस्वले धानेन, अर्थमन्त्री आफैँ भन्दै छन् । ३५ वर्ष लगातार र जगज गरेको लोकतन्त्रले औद्योगिक क्षेत्रहरुलाई खाइदियो, चपाइदियो, उद्योगधन्दाहरुको नामोनिसान राखेन र भएका भूमि र भवनहरुमा दलको झन्डा गाड्यो, अब भन्दै छ दशक आन्तरिक रोजगार प्रवर्द्धन २०२५।२०३५ भनेर । अझै झुक्याउँदै छ लोकतन्त्रले यहाँ रोजगारी दिने भनेर ।

हालको आव ७ महिनामा झन्डै १० खर्ब रेमिट्यान्स ल्याउन सफल र विश्वकै अब्बल विप्रेषणको देश भनेर चिनाउने लोकतन्त्रले यहाँ रोजगारी देला, यो हास्यास्पद कुरो हो । रोजगारी दिन पूँजीगत खर्च, विकासका ढोकाहरु खोल्न, बैंकहरुमा रहेको पूँजी अत्यधिक परिचालन गर्न र स्वदेशमा प्रशस्त उद्योग, कलकारखानाहरु खोलेर उत्पादन र उत्पादकत्व बढाउनुपर्छ, खोइ त्यो ? भएका निजी संस्थाहरुसँग आन्तरिक सम्झौता भनौं २० संस्थाहरुसँग सम्झौता गरेर आन्तरिक रोजगारी दिने भन्दै भर्खरै रोजगार प्रवर्द्धन दशकको नयाँ दाउ हानेको छ । कृषि कर्मबाट पन्छिएको यो लोकतन्त्रले विदेशी कोटामा धान, चामल आयात गर्छ र भुटानबाट समेत चामल आयात गर्छ । देशाटन गरियो भने जल, जमिन, जडीबुटी अपार छन् हाम्रा तर विदेशी पानी मिनरल वाटरमा व्यग्र छ हाम्रो लोकतन्त्र र कोदो, मकै, भटमास, पाम आयल, सोयाबिन मात्रै होइन चीनबाट जनै आयात गर्छ र चाडपर्वहरुका तमाम वस्तु खाद्यान्नलगायत सबै आयात गर्छ । व्यापार असन्तुलन छ, ठूलो व्यापारघाटा छ र भन्छ अलैंची निर्यात बढ्यो भनेर तर उत्पादन घटेको छ । व्यापारीहरुको मिलेमतोले निर्माण उर्बर समयमा सिमेन्टको भाउ बढायो लोकतन्त्रले र अहिले छड्को ।

देशको विरासत बोकेको संस्था सडकमा देखिँदा सबै ठाउँमा निषेधाज्ञा जारी गर्ने र लाखौंको जुलुसमा एक व्यक्ति विदेशीको फोटो देखेर विदेशीको इशारा दिने लोकतन्त्रले आफूले चाक्सीबारीमा गरेको सम्झौता, १२ वर्षसम्म देशलाई ढुटो बनाएर, २० हजार बढी मान्छे मारेर, विदेशमा बसेर आफू सुरक्षित भएको बिर्सियो र विदेशमै १२ बुँदे सम्झौता गरेर जनता उराल्ने कर्म गरेको पनि बिर्सियो ।

अहिलेको लोकतन्त्रको मुहान के हो र अमेरिकी राष्ट्रपतिले फ्रड भनेको कुरो पनि बिर्सियो । आफ्ना जनता जसले यहाँ रोजगारी पाएनन्, जसोतसो बिचौलियाको शरण परेर लाखौं खर्ची विदेश गए, फर्कंदा रित्तो हात फर्किए । अझ खुट्टामा चेन र हातमा हत्कडी लगाएर फर्काउने कुरा थियो, त्योचाहिँ भोग्नुपरेन, लोकतन्त्रले आफ्नो ऐना हेर्न बिर्सियो । यत्रो कूटनैतिक सम्बन्ध छ र हिजोसम्म पानी पँधेरो गरेको देशमा राज्यले आफ्नो संयन्त्र प्रयोग गरेर हत्कडीविना नेपाली फिर्ता गर्न सकेन, टुलुटुलु हेरिबस्यो र भन्दै छ देशमा केही बिग्रेकै छैन के सुधार गर्नु पऱ्यो भनेर । देश बिग्रेको नदेख्ने लोकतन्त्रले देश सपार्ला ? यो विश्वास भएन अब ।

मेलम्चीको पानीदेखि काठमाडौँको फोहोरसम्म राजनीति गर्ने लोकतन्त्र बालेनसँग पौँठेजोरी खेल्दै छ, कुलमानसँग र रविसँग त विजय नै भइहाल्यो । लोकतन्त्रको परिवारवादभन्दा बाहिर केही नदेख्ने अन्धो भएको छ हाम्रो प्रजातन्त्र । प्रजा खाडीतिर, तन्त्र नेपालमा अशोभनीय छ, भ्रष्टाचारको दलदलमा फसेको लोकतन्त्र नीतिगत निर्णय भन्दै आफू भाले हुने र अरुलाई पोथी बनाएर किचिरहने भएको छ । आम जनताका घरमा उठिबास छ, साँझ बत्ती बाल्ने र रातमा कोही पाहुना आए विश्वास गर्न नसक्ने सामाजिक संरचना तयार गरेको छ लोकतन्त्रले ।

दिनदहाडै मान्छे मार्ने लोकतन्त्र सडकमा बसेर चिट काट्छ र सवारीसाधनसँग पैसा असुल्छ । यही हप्ताको कुरो हो, एउटा बसमा पंक्तिकार यात्रा गर्दै थियो, राति भयो, थानकोट सडक धेरै जाम हुन्छ, त्यसैले सिस्नेबाट धार्के हुँदै सीतापाइला आऔँ भनेर बसलाई केही छोटो बाटो ल्याएको, बाटैमा लोकतन्त्रले रोकिदियो र भन्यो- यताबाट किन आएको ? कागजपत्र देखाउनू । चालकले सबै पेपर देखायो, अलि पर बोलाइएको थियो उसलाई । चालकलाई छोडियो, कसरी छोड्यो भन्ने प्रश्नमा चालकले भन्यो- धेरै थिएन जम्मा पचास रुपियाँ मात्रै थियो, २ जना थिए, २ कप चिया त हो, खल्तीमा पैसा त्योभन्दा बढी थिएन । बस् लोकतन्त्रको सुशासन यही हो ।

अब देशको विरासत बोक्ने र हिजोअस्ति पलाएकाहरुका बीचमा भीडन्त हुने संकेत देखिँदै छ । अमुकहरु मिलेर स्वस्फूर्त सडकमा लाखौंलाख जम्मा हुँदा नेतृत्व नभएको भीड भनिदियो लोकतन्त्रले र सबैतिर निषेधाज्ञासहित अब लोकतन्त्र आफैँ सडकमा पोखिएर प्रदर्शन गर्ने तरखरमा छ । लोकतन्त्रसँग पेसागत संघ, संगठनहरु छन्, खर्चबर्च पनि छ, झोला बोक्नेहरु माउको इशारामा भीड जम्मा पनि गर्न सक्छन् ।

तिनको तुलनामा पेसाकर्मीहरु नभई स्वस्फूर्त निस्केको जुलुस फिका होला तर जनमत संग्रह गरियो भने देशको शासन प्रणाली, धर्म निरपेक्षताको विषयमा कसको पल्ला भारी हुन्छ ? लोकतन्त्रलाई अवगत छैन । अध्यादेशीय लोकतन्त्रले अध्यादेश पास गर्न ह्वीप जारी गर ेजस्तै लोकतन्त्रले आफ्नो ह्वीपबाट सडक तताउला, यसअघि पनि तताएकै हो, संसद्लाई लामो समय बन्धक पनि बनाएकै हो, बारहरु कहीं बाँकी नराखेकै हो ।

आगजनी, तोडफोड र भएभरको शक्ति प्रयोग गरेर पूरै देशलाई अहिले प्रदूषणको अब्बल पनि बनाएकै हो । तर अस्ति देखिएको त्यति ठूलो भीडमा बालेनको एक लाख जरिबानाबाहेक खासै प्रदूषण र ढुंगा हान्ने काम त देखिएन र अब देशले त्यो सहन पनि नसक्ने भइसकेको छ । टायर बालेर भित्रिएको लोकतन्त्रले जंगलमा आगलागी हुँदा समन गर्न सकेको छैन र वर्षामा देशै पग्लिने गरी माटो बगाउँदा रोक्न सकेको छैन । बिजुली यहीं खपत गरी उद्योग कलकारखाना स्थापित नगरेर विदेशमा बिजुली बेच्ने लोकतन्त्रले नाफा कमाएको बिजुली प्राधिकरण र लोडसेडिङ अन्त्य त्यो संस्थाले नगरेर भारतले गरिदिएको हो भन्दै छ ।

छिमेकमा २५ करोड जनसंख्या हुँदा एक प्रदेश छ । छिमेकमा एक दशकमा २ प्रधानमन्त्री हुन्छन्, भुटानमा समेत २ कार्यकाल यस्ता पद पाईंदैनन् तर निमुखा नेपालीको सास रोकिने गरी कर उठाउने र सुरक्षाको ताँती लगाउने, रुघा लाग्दा बैंकक जाने र अर्बौं अर्बको उपचार खर्च लिने, पूँजीगत खर्च गर्न नसक्ने, चालू खर्च धान्नै नसक्ने गरी खर्च हुने बडो भद्दा मजाक शैलीको संयन्त्र तयार गरी राजनीतिकर्मीहरुलाई मात्रै रोजगारी दिने हाम्रो लोतन्त्रले गैरराजनीतिकर्मीहरुलाई रोजगारी दिन सकेको छैन ।

प्रधानमन्त्री रोजगार कार्यक्रम भनेर ठूलो हल्ला गर्ने न्यूनतम डेढ महिना त्यो पनि न्यूनतम ज्यालामा रोजगारी दिन नसक्ने हाम्रो लोकतन्त्रले अहिले २० संस्थाहरुसँग सम्झौता गरेर रोजगारी दिने भनेको छ । ती संस्था त देशकै हुन्, लोकतन्त्रले सम्झौता नगरे पनि दिन्छन् यथाशक्य तर श्रेणीविहीन कर्मचारीलाई बाध्यताबस २४ हजार तलब दिने लोकतन्त्रले निजी व्यवसायी श्रमिकहरुलाई १७ हजार त्यो पनि ठेकेदार कटाएर बाँकी हात लाग्दा दिनभरिको चुलो चल्नै सक्दैन । त्यस्तो परिवेश सिर्जना हुनमा निजी क्षेत्रको भनाइ छ, यहाँ उत्पादकत्व नभएर दिन नसकिएको हो भनेर । उत्पादन र उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने काम राज्य बोक्ने लोकतन्त्रकै हो । हो, सरकारले रोजगारी दिन सक्दैन तर पहिले भनिन्थ्यो- नागरिकलाई आयआर्जन गराउने काममा, रोजगारी सिर्जना गर्ने काममा आवश्यक परे विष्णुमतीको बालुवा वाग्मतीमा र वाग्मतीको बालुवा विष्णुमतीमा हाल्न लगाएर भए पनि जनतालाई आयआर्जन गराउनुपर्छ र तिनले आफ्नो पेट पाल्न सक्छन् । हिजो यसो भनिन्थ्यो तर आजको लोकतन्त्रले चुरे दोहन गर्दै माटो, ढुंगा, गिट्टी निर्यात गरेर ठेकेदार पोस्ने काम गर्न लालयित छ, यसका लागि बजेट वक्तव्य नै आएको हो ।

तराईको पानीको मुहान पनि ठेकेदारहरुले सुकाउन लागेका छन् र राजमार्गमा रहेका वैध, अवैध हजारौं क्रसर उद्योगमा लोकतन्त्रको छाया छैन भन्न सकिन्न । किनभने लोकतन्त्रका सम्बाहकहरु अधिकांशसँग स्कूल छ, कलेज छ, सहकारी छ, बैंक, लघुवित्त छ, मेडिकल कलेज छन्, अस्पतालहरु छन् र मूलतः डोजर छ, जसले जमिन कोतरेर पगालेको छ, प्रकृति दोहन गरेको छ, प्लटिङ गरेको, पानीका मुहान सुकाएको छ र जलवायु परिवर्तनको संकट थपेर विदेशीहरुसँग समाधानको भीक्षा याचना गरेको छ, हिउँ जम्ने शिखरमा कालापत्थर त्यसलाई पनि व्यापारीकरण गरेर विज्ञापनमा राखिएको छ, बजार सहिनसक्नु भएको छ र भर्खरै ग्यासमा कमिसन बढाएको छ र प्रतिसिलिन्डर ३ सय बढीले कर लिने लोकतन्त्रले पेट्रोलियम पदार्थ कस्ट प्राइसभन्दा धेरै रकम उपभोक्ताबाट असुलेको छ ।

अब ग्यासमा घाटा लाग्यो भन्दै कुनै मध्यरातमा यसको भाउ बढ्नेछ, पहिले पनि एकैचोटि दुईपल्ट भाउ बढाइएको थियो । चुनाव सक्नासाथ लोकतन्त्र तिनै मतदाताको घाँटी निमोठ्न थाल्छ । किनकि चुनावमा उसले अधिक लगानी गरेको छ । यस्तो लोकतन्त्र नेपालीले चाहेको हो जस्तो लाग्दैन र ९० वर्षका बूढाबूढीहरु पनि निराश छन् अहिले, युवा जति त बिदेशिइसकेका छन् । जो यहाँ छन्, झन्डामुनि छन् र लोकतन्त्रले तिनलाई उर्बर बनाइरहेको छ । एउटा उदाहरण, पंक्तिकार २० रुपियाँ भाडाको बस चढेको थियो यी पंक्ति तयार गरिरहँदा, खल्तीमा पैसा रहेनछ र चालकलाई भनियो पैसा भएन के गर्ने ? उसले कडै भन्यो- 'महिनामै ३५ हजार कर बुझाएको छ, रु. २० कसरी छुट गर्न सकिन्छ ? जसरी भए पनि तिर्नुस् । अघि भनेको भए हिँडेर जानुस्, बस चढ्न मिल्दैन भन्थें । अब त तिर्नै पऱ्यो, अरुसँग मागेर भए पनि ।' अचम्मको लोभतन्त्र छ हामीसँग, उसको भनाइ सुन्दा ।

*(स्रोत: न्यूज अफ नेपाल)*

# बार चुनावमा कांग्रेस-एमालेविरुद्ध माओवादी-रास्वपा

काठमाडौं/सत्ता सहकार्यमा रहेका दुई प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमालेले कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनमा समेत चुनावी तालमेल गरेका छन् । २३ चैतमा हुने बार केन्द्रीय समितिको निर्वाचनका लागि कांग्रेसको शुभेच्छुक संस्था डेमोक्रेटिक लयर्स एसोसियसन (डीएलए), एमाले निकट कानुन व्यवसायीको संस्था प्रोग्रेसिभ प्रोफेसनल लयर्स एसोसियसन (पीपीएलए) गठबन्धन गरी साझा उम्मेदवार चयन गरेका छन् ।

सत्तारुढ दलका दुई संगठनहरूले प्रतिपक्ष दल राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक कानुन व्यवसायी संगठनलाई पनि समावेश गरेका छन् । सत्तारुढ पक्षको गठबन्धलाई चुनौती दिन विपक्षी दल माओवादी केन्द्र र रास्वपा समर्थित कानुनी व्यवसायी संगठनहरूले गठबन्धन गरेका छन् । बार केन्द्रीय समितिको २५ पदाधिकारीमध्ये अध्यक्षसहित १२ जना प्रजातान्त्रिक समूहबाट उम्मेदवार छन् । महासचिव सहित १२ मा एमाले समर्थित प्रगतिशिल समूहबाट उम्मेदवार बनेका छन् । त्यसमै राप्रपा निकट राष्ट्रिय प्रजातान्त्रिक कानुन व्यवसायी संगठनलाई एक सदस्य छुट्याइएको छ । अध्यक्ष पदका लागि डीएलएले वरिष्ठ अधिवक्ता एवं कानुनका अध्यापक विजय मिश्रलाई उम्मेदवार बनाएको छ । एमाले निकट कानुन व्यवसायीबाट महासचिवमा अधिवक्ता केदार कोइरालाले उम्मेदवारी दिएका छन् ।



**उम्मेद्वार छान्नै सकस**

उम्मेदवार छनोट गर्दा डेमोक्रेटिक लयर्स एसोसिएसभित्र सहज परिस्थिति भएन । डीएलए अध्यक्ष सीताराम केसीको नेतृत्वमा उम्मदेवार छनोट समिति बनेको थियो । डीएलएबाट आकांक्षीमा मिश्रसहित न्यायपरिषद्का पूर्वसदस्य उपेन्द्र केशरी न्यौपाने सहित वरिष्ठ अधिवक्ताहरू पूर्णमान शाक्य, यदुनाथ खनाल, माधव बास्कोटा अनि डीएलएका पूर्वअध्यक्ष योगेन्द्रबहादुर अधिकारीको नाम चर्चामा थियो ।

अध्यक्ष आकांक्षीहरूले उम्मेदवार छनोट समितिसँगको छलफलमा आ-आफ्ना दृष्टिकोण र धारणा समेत राखेका थिए । तर छनोट समितिको साटो बाहिरबाट अध्यक्षको उम्मेदवार चयन भयो । डीएलएका एक सदस्य भन्छन्, 'उम्मेदवार छनोट प्रक्रिया समयमा हुन सकेन । पार्टीले पनि चलखेल गर्ने अवस्था बन्यो । विजय मिश्र उम्मेदवार बन्ने अवस्था आयो ।'

कांग्रेस नेताहरूका अनुसार, सभापति शेरबहादुर देउवा पक्षका विजय मिश्रले अरुलाई पछि पार्दै अध्यक्षको उम्मेदवार हुन सफल बने । मिश्रलाई अध्यक्षको उम्मेदवार बनाउन पूर्व महान्यायाधिवक्ता खम्मबहादुर खातीले भूमिका खेलका थिए । पार्टी सभापति देउवा पछिल्लो समय सरकारको नेतृत्वमा रहँदा खाती महान्यायाधिवक्ता थिए । डीएलएका असन्तुष्ट एक सदस्यले पार्टीका अनुशासन समिति संयोजक एवं केन्द्रीय सदस्य आनन्द ढुंगाना, बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र खातीको भूमिकाले मिश्र अध्यक्षको दाबेदार हुन सफल भएका दावी गरे ।

डीएलएमा संस्थापन इतरका नेता डा.शेखर कोइराला पक्षको बाहुल्यता भएपनि उम्मेदवार बनाउन भने असफल रह्यो । डीएलएका अध्यक्ष केसी स्वयं पार्टीमा संस्थापन इतर पक्षबाट निर्वाचन जितेर संस्थाको नेतृत्वमा पुगेका थिए । शेखर कोइराला पक्षका नेताका अनुसार, कोइराला स्वयं डीएलएमा पार्टीले हस्तक्षेप गर्न नहुने पक्षमा थिए । ती नेताले भने, 'व्यक्ति यो/त्यो भन्नेमा शेखर दाईको चासो थिएन । डीएलएले नै छनोट गरोस भन्नेमा हुनुहुन्थ्यो । पार्टीले अकस्मात हस्तक्षेप गर्‍यो ।'

एमाले र माओवादी निकट कानुन व्यवसायी संगठनमध्ये कुनसँग तालमेल गर्ने अलमल चलिरहेका बेला डीएलएले समयमा उम्मेदवार छनोट गर्न सकेको थिएन । डीलएमा असन्तुष्ट जनाउँदै सोही संगठनका दुई जना कानुन व्यवसायी विपक्षी प्यानलमा मिल्न पुगेका छन् । नयाँ कार्यसमितिका लागि आकांक्षी तर टिकट पाउन नसकेका डीना श्रेष्ठ र रामलाल श्रेष्ठ विपक्षी प्यानलसँग मिलेर उम्मेदवारी दिएका छन् । रमण श्रेष्ठले नेतृत्व गरेको प्यानलमा डीना महिला उपाध्यक्षको उम्मेदवार बनेकी छन् । रामलाल रमण श्रेष्ठ समूहबाट सदस्य पदमा उठेका छन् ।

विपक्षी समूहले सत्ता पक्षका विरुद्धमा छुट्टै तालमेल गरेका छन् । माओवादी केन्द्र निकट गणतान्त्रिक कानुन व्यवसायी संगठन (आरपीपीएलए) बाट वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ अध्यक्ष र राष्ट्रिय स्वतन्त्र पार्टी निकट स्वतन्त्र कानुन व्यवसायी मञ्चबाट महासचिव यज्ञमणि न्यौपानेको संयुक्त प्यानल छ । सोही प्यानलमा डीएलएबाट असन्तुष्टहरू पुगेका हुन् ।

**किन तालमेल ?**

कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसन पेशागत संघसंगठनहरूमध्ये वौद्धिक संगठनको रुपमा चिनिन्छ । राज्यसंरचनामा प्रत्यक्ष प्रभाव पार्नसक्ने संस्थाको नेतृत्वमा आफू निकटका कानुन व्यवसायीहरूको बर्चस्व जमाउन दलहरूले प्रत्यक्ष चासो राख्ने गर्छन् । न्यायाधीश नियुक्तीदेखि राजनीतिक विषयवस्तु जोडिएका मुद्दामा अदालतमा प्रस्तुत हुँदा प्रभाव जमाउन पाउने हुँदा बारमा बर्चस्व जमाउन दलहरूले आ-आफ्नो संगठनलाई परिचालन गर्छन् । त्यो होडबाजीमा सत्तारुढ एमाले-कांग्रेसदेखि सत्ताबाहिर रहेको माओवादी, हालै राजनीतिमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी र राज्यव्यवस्था परिवर्तनको वकालत गर्ने राप्रपासमेत छ ।

डीएलए र पीपीएल दुवैले आफ्ना सदस्य संख्या तीन हजार बढी भएको दाबी गर्दै आएका छन् । दुवै 'शक्तिशाली' संस्थाले एक्लाएक्लै प्रतिस्पर्धा गर्न भने हिम्मत जुटाएनन् । संविधान संशोधन र कार्यान्वयनमा कानुन व्यवसायीहरूको शक्तिशाली बार बनाउनका लागि दुई संगठनले तालमेल गर्नुपरेको दुवैथरीको तर्क छ । डीएलएका पूर्व अध्यक्ष योगेन्द्रबहादुर अधिकारी संविधान कार्यान्वयनमा देखिएका कमिकमजोरी र संविधान संशोधनको मुद्दा उठिरहेको बेला शक्तिशाली बारका लागि तालमेल गर्नुपरेको बताउँछन् । कांग्रेस-एमाले सत्ता भएकै कारणले बार निर्वाचनमा गठबन्धन नभएको दावी गर्ने उनी त्यही जिम्मेवारी पूरा गर्न तालमेल भएको जिकिर गर्छन् ।

उनी भन्छन्, 'संविधान कार्यान्वयन र संशोधन कुरा कुरा उठिरहेको बेला बार बलियो हुनुपर्दछ । स्वतन्त्र र पारदर्शी न्यायपालिकासहित विकृत र विसंगति हटाउन छलफल गर्दा बलियो बार आवश्यक हुने उद्देश्यका साथ गठबन्धन भएको हो ।' अध्यक्षका प्रतिस्पर्धी वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ पूर्व महान्यायाधिवक्ता समेत हुन् । उनले आफू नेतृत्वको उम्मेदवारको समूहलाई गठबन्धन भन्न रुचाउँदैनन् । उनले भने, 'हाम्रो समूहलाई हामीले व्यावसायिक कानुन व्यवसायी समूह भनेर चिनाएका छौं । हामीले कुनै पनि समूह भनेर गठबन्धन गरेकै होइनौं ।'

पाका कानुन व्यवसायीका रुपमा परिचित वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले श्रेष्ठ समूहको चुनावी प्रचारप्रसार अभियानको नेतृत्व गरेका छन् । उनको समूहलाई बार पूर्वअध्यक्ष एवं वरिष्ठ अधिवक्ता शम्भु थापा, शुसिल पन्त, श्याम खरेल लगायतले समर्थन गरेका छन् ।

**आ-आफ्नै दाबी**

तालमेलको औचित्य पुष्टि गर्न गठबन्धन गरेका सत्तारुढ निकट तीन संगठनले सोमबार संयुक्त विज्ञप्ति निकालेका छन् । एक दशक लामो संवैधानिक अभ्यासको पुनरावलोकन गरी संविधान संसोधन लागि तीन कानुन व्यवसायी संगठनहरू एक ठाँउमा उभिनुपरेको उनको भनाइ छ । डीएलका महासचिव ज्ञानेन्द्र प्रसाद अधिकारी, पीपीएलका महासचिव अमर थापा र राष्ट्रिय प्रजातान्त्रिक कानुन व्यवसायी संगठनका महासचिव ठाकुर प्रसाद आचार्यले विज्ञप्तिमा भनेका छन्, 'न्यायपालिकाको विकृति, विसंगतीको अन्त्य गर्न र जनआस्था वृद्धि गर्न बलियो बार, बलियो प्रभाव र सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने ऐतिहासिक कार्यभार पूरा गर्न, गराउन हामी प्रतिवद्ध र कटिवद्ध छौं ।'

एमाले निकट पीपीएलबाट अध्यक्षमा वरिष्ठ अधिवक्ताहरू टीकाराम भट्टराई, रमेश कोइराला र ईश्वरीप्रसाद भट्टराई आकांक्षी थिए । चुनावी तालमेल गर्दा महासचिव पीपीएलएलाई भाग परेपछि तिनै जना बार नेतृत्वको प्रतिस्पर्धाबाट पछाडी हटेका हुन् । पीपीएलएले महासचिवमा केदार कोइरालाई अघि सारेको छ । महासचिवका नौ जना आकांक्षी भएकोमा अधिकांश कानुन व्यवसायीहरूको प्रतिनिधित्व बारको कार्यसमितिमा हुनुपर्ने भएकाले तालमेल गर्नुपरेको वरिष्ठ अधिवक्ता इश्वरीप्रसाद भट्टराई बताउँछन् ।

'धेरै कानुन व्यवसायी संगठनको प्रतिनिधित्व हुनेगरी गठबन्धन बनायौं भने सशक्त भूमिका निर्वाह भन्ने उद्देश्य हो,' भट्टराईले अनलाइखबरसँग भने, 'सरकारमा हुनेहरूको समय निश्चित हुँदैन । बारको कार्यसमिति तीन वर्षको हुन्छ । एमाले कांग्रेस सत्तामा भएकाले हामीले तालमेल गरेका होइनौं ।' बारको निर्वाचनमा अधिकांश समय कांग्रेसको शुभेच्छुक संस्था डीएलएले जितेको इतिहास छ । बार एसोसिएसनमा राधेश्याम अधिकारी, हरिहर दाहाल, शेर बहादुर केसी, प्रेमबहादुर खड्का, गोपालकृष्ण घिमिरे लगायतहरु प्रजातान्त्रिक पृष्ठभूमि(डीएलए) बाट निर्वाचित भए ।

अध्यक्षका उम्मेदवार रमण श्रेष्ठ सत्तारुढ गठबन्धनको आडमा पेशागत संघसंगठनको निर्वाचन प्रभावित नहुने दाबी गर्छन् । स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनपछि मंगलबार सार्वजनिक केही क्याम्पसहरूको उदाहरण दिँदै उनले स्वतन्त्र र गठबन्धन गरेका समूहहरू निर्वाचित भएको बताए । उनले भने, 'बार निर्वाचनमा पनि त्यो उदाहरण दोहोरिन्छ ।'

बारको चुनावका लागि ९ हजार ९९७ मतदाता छन् । निर्वाचन समितिका सहसंयोजक एवं प्रवक्ता ताराबहादुर सिटौलाका अनुसार देशभर ३६ स्थानमा मतदान हुनेछ । उपत्यका बाहिर ३५ स्थानमा मतदान हुने सिटौलाले जानकारी गराए । विद्युतीय मतदान गर्ने प्रयास भएपनि यसपटक सम्भव नभएको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'अञ्जिला' फिल्म हेर्न र प्रचार गर्न सातै प्रदेशका फुटबल संघलाई एन्फाको पत्र



काठमाडौं/महिला राष्ट्रिय फुटबल खेलाडी एन्जिला तुम्बापो सुब्बाको जीवन संघर्षमा आधारित फिल्म 'अञ्जिला' हेर्न र प्रचारमा सघाउन अखिल नेपाल फुटबल संघ (एन्फा)ले आग्रह गरेको छ ।

सातै प्रदेशका फुटबल संघ, ४८ जिल्ला फुटबल संघ, संघमा आबद्ध रेफ्री, खेलाडी, प्रशिक्षक र महिला फुटबल संघसहित ४ संघ, शहिद स्मारक ए, बी, सी डिभिजन क्लबलाई एन्फाले पत्र लेखेर उक्त आग्रह गरेको हो ।

नजिकको हलमा सामूहिक रुपमा फिल्म अवलोकन गराउन, जनमानसमा प्रोत्साहन जगाउनको लागि फिल्मको पोस्टर, भिडियो, क्लिप सामाजिक संजालमा सेयर गर्न एन्फाको आग्रह छ । एन्फा महासचिव किरण राईले धेरै भन्दा धेरै दर्शकमाझ फिल्म पुर्‍याउन आग्रह गरेका छन् ।

खेल क्षेत्रलाई हौसला प्रदान गर्ने गरि फिल्म निर्माण गरेकोमा एन्फाले निर्मातालाई धन्यवाद समेत दिएको छ । मिलन चाम्स निर्देशित यो फिल्मले महिला राष्ट्रिय फुटबल टिमकी कप्तान सुब्बाको बाल्यकालदेखि टिम कप्तान बन्दासम्मको कालखण्डलाई मर्मस्पर्शी रुपले चित्रण गरेको छ । फिल्मको प्रचारप्रसारका लागि अहिले ग्रीसमा रहेकी एन्जिला केही दिनमा नेपाल आउन तयारी रहेको जानकारी समेत निर्देशक चाम्सले दिए ।

# रहस्यमय कथाको संकेत गर्ने 'खेल' पोस्टर

काठमाडौं/आगामी बैशाख १२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'खेल'को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका प्रमुख कलाकारहरू सुरक्षा पन्त, मोनिका थापा, हेना नगरकोटी, निकिता आचार्य, समापिका गौतम, मिथिला शर्मा, सरिता गिरी र भोलाराज सापकोटालाई समेटिएको पोस्टरमा सबैलाई गम्भीर भावमा देख्न सकिन्छ ।




रहस्य र डर झल्काउने गाढा निलो र कालो रङ्गको संयोजनमा तयार पारिएको पोस्टरको अगाडिको भागमा कलेजको पहिरनमा रहेका विद्यार्थीहरू र पृष्ठभूमिमा रहस्यमय वातावरण दर्साउने आँखाको डर लाग्दो छाँया देखिन्छ । पोस्टरको सबैभन्दा अगाडि सुरक्षालाई राखिएको छ । यसको अर्थ फिल्मको कथा उनीमा केन्द्रित छ ।

अनुराग प्रधान र आस्था श्रेष्ठले संयुक्त निर्देशन रहेको 'खेल'मा लुइसराज महर्जन र आशिषराज महर्जन निर्माता तथा कुणानराज गुरुङ र रहिशराज महर्जन सह-निर्मातामा छन् । फिल्मको कथा आशिषराज महर्जनले लेखेका हुन् । पटकथा अभितेन्द्र र अनुराग प्रधानको हो भने संवाद विष्णु गैरेले लेखेका छन् ।

फिल्मको कथा नेपाली लोककथा, परम्परा, अध्यात्म, थ्रिलर र सस्पेन्सको मिश्रणमा आधारित रहेको निर्देशक प्रधानले बताए । उनले भने, 'अध्ययनका लागि काठमाडौं आएर होस्टेलमा बसेका चारजना मिल्ने साथीहरूको कथा फिल्मले देखाउनेछ, जसलाई आफ्नै विगतको भयानक घटनाले पछ्याइ रहेको हुन्छ ।'

किरण श्रेष्ठ, भावना घिमिरे, सुहानी खड्का क्षेत्री लगायतको पनि अभिनय रहेको 'खेल'लाई रोशन राई र सञ्जय लामाले खिचेका हुन् भने सम्पादन आशिषराज महर्जनले गरेका छन् । ध्वनि डिजाइन विकल प्रधान, रङ्ग संयोजन राजेन्द्र मोक्तान, प्रोडक्सन डिजाइन किशोर नेपाल र कस्ट्युम डिजाइन एलेक्स बसुकलाको छ । प्रोडक्सन म्यानेजरको जिम्मेवारी यमप्रसाद ओलीले सम्हालेका छन् ।

# सञ्जय लीला भन्सालीसँग निकिताको सहकार्य

काठमाडौं/मिस नेपाल भएपछि फिल्म 'साङ्लो'बाट अभिनय करिअर सुरू गरेकी अभिनेत्री निकिता चाण्डकका लागि यस वर्ष एकदमै विशेष बनेको छ । त्यसको पछाडि दुईवटा कारण छन् । पहिलो, उनी अभिनीत फिल्म 'राजागंज' गत बिहीबारदेखि प्रदर्शनरत छ, जसमा उनको अभिनयलाई लिएर प्रशंसा भइरहेको छ । दोस्रो, गत फेब्रुअरीदेखि उनले पहिलो भारतीय प्रोजेक्टमा काम गरि रहेकी छन् ।




निकिताले मंगलबार आफूले गरिरहेको भारतीय प्रोजेक्ट बलिउड निर्देशक सञ्जय लीला भन्सालीको रहेको जानकारी गराएकी छन् । उनले निर्देशक भन्सालीसँगको एक तस्वीर सामाजिक सञ्जालमा सेअर गर्दै लेखेकी छन्, 'सञ्जय लीला भन्साली सरको दुनियाँको एउटा सानो हिस्सा बन्न पाएकोमा एकदमै आभारी र उत्साहित छु । भारतमा मेरो पहिलो प्रोजेक्ट योभन्दा राम्रो अरू हुन सक्दैन ।'

उनले निर्देशक भन्सालीसँग सहकार्य गरेको प्रोजेक्ट कुन हो भन्ने खुलाएकी छैनन् । यतिबेला भन्सालीले अभिनेताद्वय रणवीर कपूर, विक्की कौशल र अभिनेत्री आलिया भट्टलाई लिएर २ सय करोडमा नयाँ फिल्म 'लभ एन्ड वार' बनाइरहेकाले उनले यसैमा अभिनय गरेको हुनसक्ने अनुमान गरिएको छ । अभिनेत्री मनिषा कोइरालापछि भन्सालीसँग काम गर्ने निकिता दोस्रो नेपाली कलाकार हुन् ।

'देवदास', 'बाजीराव मस्तानी', 'हम दिल दे चुके सनम', 'पद्मावत', 'खामोशी', 'गुजारिश' जस्ता यादगार फिल्म बनाइसकेका निर्देशक भन्सालीसँग काम गर्ने भारतका नाम चलेका कलाकारकै ठूलो सपना हुने गरेको छ । पहिलो भारतीय प्रोजेक्टमै भन्सालीसँग काम गर्न पाउनु निकिताका लागि करिअरकै महत्त्वपूर्ण उपलब्धि हो । अब उनलाई बलिउडमा करिअर बनाउन पनि धेरै सहज हुनेछ ।

# राप्रपा बैठकमा रवीन्द्र मिश्र र धवलको आलोचना, अर्को राजावादी मोर्चा बन्ने संकेत

काठमाडौं/पार्टीमा समन्वय नगरी नवराज सुवेदीको राजावादी मोर्चामा गएको भन्दै राप्रपा नेताहरु रवीन्द्र मिश्र र धवलशमशेर राणाको आलोचना भएको छ । मंगलबार राजधानीमा बसेको राप्रपा बैठकमा अध्यक्ष राजेन्द्र लिङ्देनले दलीय व्यवस्थामा दलको विकल्प कुनै समूहले लिन नसक्ने भन्दै त्यस्तो प्रयासमा किन समन्वय नगरी गएको भन्दै मिश्र र राणामाथि प्रश्न उठाए ।

यसअघि महामन्त्री धवलशमशेर राणाको नेतृत्वमा आन्दोलन परिचालन समिति रहँदै आए पनि अध्यक्ष लिङ्देन नेतृत्वको मूल समितिसँग समन्वय नै नगरी एकलौटी अघि बढेको भन्दै पार्टीमा आलोचना भयो । 'नवराज सुवेदी दाइले मलाई आउनुपर्‍यो भन्नुभएको थियो, तर हाम्रो आफ्नो आन्दोलन परिचालन समिति छ, साथसहयोग हुन्छ भनेको थिएँ,' लिङ्देनले बैठकमा भने, 'मैले पठाएका प्रतिनिधि कहाँ हराए, तर वरिष्ठ नेताहरु चाहिँ त्यहाँ सक्रिय भएको देखियो, कुरो के हो ?'

अधिकांश सहभागीले पार्टी नेताहरु आ-आफ्नो शैलीमा चल्न थालेको आलोचना गरे । सोमबारको कार्यक्रममा गएका प्रकाशचन्द्र लोहनी र पशुपतिशमशेर राणाले पनि दुर्गा प्रसाई लगायत केही व्यक्तिको मनपरी शैली देखेपछि बीचमै हिँडेको प्रष्टीकरण दिएका थिए । दुवै नेताहरु सोमबार केही बेर बसेर केही व्यक्तिको कार्यशैलीप्रति आपत्ति जनाउँदै हिँडेका थिए । त्यसपछि रवीन्द्र मिश्र र राणा लगायत केही नेता अन्तिमसम्मै रहे ।

खासगरी पाँचपाने वक्तव्य तयार पार्ने काममा राजसंस्था पुनर्स्थापना संयुक्त संघर्ष समितिका तर्फबाट सदस्य सचिव राखिएका मिश्र, अनि आन्दोलन परिचालन समिति संयोजक राणामाथि प्रश्नहरु उठेको थियो । मिश्रले आफ्नो कार्यशैलीमा त्रुटि भएकामा आत्मालोचना गरे, तर आफ्नो राजसंस्था पुनर्स्थापनाको आन्दोलन अझ प्रभावकारी रुपमा अघि बढाउँ भन्ने नियतमा कुनै खोट नरहेको प्रष्ट गरे ।

नेता लोहनीले दुर्गा प्रसाई लगायत पात्रहरुको नियतमाथि प्रश्न उठाउँदै भने, 'दिज् पिपुल क्यान नट बि ट्रस्टेड ।' अर्थात् लोहनीको भनाईमा यी पात्रहरु राजसंस्थाको गरिमा फिर्ता गराउँदै आन्दोलन हाँक्न योग्य, अनि पत्यारलाग्दा पात्र होइनन् । लोहनी लगायत नेताहरुले सुझबुझपूर्ण दलीय नेतृत्वबाट मात्रै राजसंस्था फिर्ताको आन्दोलन अघि बढ्न सक्ने बताए ।

उनीहरुले मिश्र, राणा लगायतलाई संवेदनशील एजेन्डामा जथाभावी नगर्न चेतावनी पनि दिएका छन् । नेताहरुका अनुसार महामन्त्री राणाको भूमिका खुम्च्याइएको छ । अब उनले आन्दोलनका कार्यक्रमहरु लिङ्देन नेतृत्वको मूल समितिसँग समन्वय गरेर मात्रै तय गर्न सक्नेछन् । १२ चैतमा बृहत् भेला राखेर राजावादी आन्दोलन अघि बढाउने राप्रपाले बताएको छ ।

राप्रपा नेता मोहन श्रेष्ठले अब हुने आन्दोलन कसैलाई पनि निषेध नगरी बृहत्तर दायरामा अघि बढाइने बताए । 'सात सालदेखिका प्रत्येक आन्दोलनमा कसै न कसैमाथि तुष राखिएको छ, बाहिर पारिएको छ, त्यसले समाधान दिने भन्दा नि समस्यालाई अझ चर्काउने हुँदो रहेछ भन्ने इतिहासको अनुभवले देखाइसक्यो,' श्रेष्ठले भने, 'अबको आन्दोलनमा सबै अँटाउने, कसैमाथि प्रतिशोध नसाध्ने नीति हुन्छ । पार्टीमा यसैबारे घनीभूत छलफल गरेका छौं ।'

राप्रपा नेताहरुले नवराज सुवेदी नेतृत्वको राजावादी मोर्चातर्फ गम्भीर चासो दिएका छैनन् । त्यसभित्र विश्वसनीय पात्र नभएको भन्दै राप्रपाले स्थगित आन्दोलन हाँक्न पार्टीकै नेतृत्वमा बृहत्तर मोर्चा बन्ने संकेत गरेको छ ।

# पुल्चोक इन्जिनियरिङ क्याम्पसमा स्वतन्त्रले रचे इतिहास

काठमाडौं/३ चैतमा पुल्चोक इन्जिनियरिङ क्याम्पसमा पुग्दा दलनिकट विद्यार्थी संगठनका एक उम्मेदवारले भनिरहेका थिए, 'यसपटक पुल्चोकमा स्वतन्त्रले जित्ने सम्भावना छ ।' हामीले केही प्रतिनिधि मतदाता विद्यार्थीसँग पनि कुरा गरेका थियौं । धेरैजसो मतदाता विद्यार्थीले स्वतन्त्र उम्मेदवारलाई मत दिने संकेत गरेका थिए । ती उम्मेदार र मतदातले भनेझैं मंगलबार स्वतन्त्र उम्मेदवार स्वयं श्रेष्ठ निर्वाचित भए ।

सहायक क्याम्पस प्रमुख राम एकवाल यादवका अनुसार स्वयं श्रेष्ठ १ हजार १०२ मत सहित विजयी भए । उनका प्रतिद्वन्द्वी माओवादी निकट अखिल क्रान्तिकारीका उम्मेदवार रसिक लम्सालले ७१० मत ल्याए । २०७९ को स्ववियु चुनावमा एमाले अखिलबाट निर्वाचित भएका विराज अर्याल ६३९ सहित तेस्रो स्थानमा पुगे ।

कांग्रेस, एमाले, माओवादी, नेकपा एस लगायतका उम्मेदवारलाई पछि पार्दै श्रेष्ठले संघ संगठनको सिन्डकेट तोडे । अध्यक्षमा निर्वाचित श्रेष्ठ यसअघि २०७९ का स्ववियु सदस्य हुन् । सदस्यमा उठ्दा पनि उनी स्वतन्त्र उम्मेदवार थिए र ७५४ मत ल्याएर विजयी भएका थिए । यसपटक त उनले भ्रातृसंस्थाको सिन्डकेट तोडेर इतिहास नै कायम गरे । 'अघिल्लो पटक सदस्यमा निर्वाचित भएपछि सक्रिय भएर स्ववियुको काम गरेको थिएँ । विद्यार्थीको दुःख सुखमा साथ दिएका कारण नै यसपटक मलाई विश्वास गरेर अध्यक्षमा मत दिनु भयो भन्ने लाग्छ,' निर्वाचित भएपछि उनले संचारकर्मीसँग भने ।

भ्रातृसंस्थाको गलत गतिविधिकै कारण स्वतन्त्र उम्मेदवार अगाडि आएको पुल्चोक क्याम्पसका प्राध्यापकहरूको निष्कर्ष छ । 'विद्यार्थी संगठनको आन्तरिक किचलो र नयाँ पुस्ताले दल निकटकालाई कम विश्वास गरेको परिणाम हो,' पुल्चोक क्याम्सका एक प्राध्यापकले भने, 'संगठनहरू नसुने हो भने झन् कमजोर हुने देखिन्छ ।'

निर्वाचित भएका श्रेष्ठले अघिल्लो चुनावदेखि नै स्वतन्त्रको छवि बनाएर काम गरेका थिए । 'रचनात्मक काममा सक्रिय हुने गरेका थिए । सबै संगठनको मत यसपटक तानेको देखियो,' निर्वाचन समितिकै एक सदस्यले भने । श्रेष्ठको विजयले संगठनहरूमाथि चुनौतीसँगै सुन गतिलो सन्देश भएको छ । त्रिवि समाजशास्त्र विभागका उपप्राध्यापक प्रेम चलाउने एउटा झिल्को प्रकट भएको बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ऋण भारले थिचिँदै राज्य, सार्वजनिक ऋण २७ खर्ब नजिक

काठमाडौं, ५ चैत/ मुलुकको सार्वजनिक ऋण बढेर २७ खर्ब रुपैयाँ नजिक पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को ८ महिना (साउन-फागुन) मा सार्वजनिक ऋण २६ खर्ब ७६ अर्ब ३ करोड पुगेको छ ।

यसलाई नेपालको पछिल्लो जनगणना अनुसार २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ ले भाग लगाउँदा हरेक नेपालीको टाउकोमा ९१ हजार ७ सय ५६ रुपैयाँ बराबर सार्वजनिक ऋण पुगेको छ । त्यसो त यस्तो ऋण व्यक्तिले चुक्ता गर्नु पर्दैन । तर, हरेक नेपालीले तिर्ने करबाटै राज्यले सार्वजनिक ऋण चुक्ता गर्ने गर्छ ।

कार्यालयका अनुसार फागुनमा मात्र सार्वजनिक ऋण ६४ अर्ब ९७ करोड रुपैयाँले बढेको छ । माघ मसान्तसम्म सार्वजनिक ऋण २६ खर्ब ११ अर्ब थियो । फागुन मसान्तसम्म आन्तरिक ऋण १३ खर्ब १५ अर्ब ५७ करोड र वाह्य ऋण १३ खर्ब ६० अर्ब ४६ करोड पुगेको छ । सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा ४६.९१ प्रतिशत नाघेको छ । जीडीपीका आधारमा आन्तरिक ऋण २३.०६ र वाह्य ऋण २३.८५ प्रतिशत पुगेको कार्यालयको तथ्यांक छ ।

विज्ञहरू राजस्व प्राप्ति घट्नु र ऋण भार बढ्दै जानु राज्यका लागि जोखिमपूर्ण अवस्था मान्छन् । अब यसमा गम्भीर समीक्षा गर्नुपर्ने अवस्था आएको अर्थविद् तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा. डा. विश्व पौडेल बताउँछन् । 'पछिल्ला केही वर्ष हेर्ने हो भने सार्वजनिक ऋण चार गुणाले बढेको छ, राजस्व दोब्बर पनि हुन सकेन,' उनी भन्छन्, 'यो सकारात्मक अवस्था होइन ।'

एक व्यापारीले आफ्नो कमाइभन्दा कम ऋण लिएमात्र उसले त्यसलाई तिर्न सक्छ । आम्दानीभन्दा बढी ऋण हुँदा त्यसको भारले व्यापारी थिचिन जान्छ । पौडेल नेपालको वर्तमान अवस्थालाई यस्तै व्यापारीको हालतसँग तुलना गर्छन् । खासगरी सरकारले ऋण लिएर लगानी गरेका पूर्वाधारले उचित प्रतिफल दिन नसकेको भन्दै यसमा अब समीक्षा गर्नुपर्ने अवस्था आएको उनी बताउँछन् ।

'भ्यु टावरमा गएको लगानीको प्रतिफल खोइ ? विमानस्थलमा भएको लगानीको प्रतिफल खोइ ? सभाहलमा गरेको लगानीको प्रतिफल खोइ ?,' उनको प्रश्न छ ।




**८ महिनामा उठाइयो ३ खर्ब ३४ अर्ब ऋण**

आन्तरिक स्रोत खुम्चिँदा सरकारले दैनिकी चलाउन समेत ऋणमा भर पर्नु परेको अवस्था छ । सोहीकारण यस वर्ष ८ महिना अवधिमा ३ खर्ब ३४ अर्ब ६२ करोड रुपैयाँ बराबर ऋण उठाइएको छ । यस अवधिमा सरकारले आन्तरिक ऋण २ खर्ब ६९ अर्ब १५ करोड उठाएको छ । वाह्य ऋण ६४ अर्ब ४६ करोड उठाएको छ । यो अवधिमा सरकारले १ खर्ब ५८ अर्ब ९८ करोड बराबर भुक्तानी समेत गरेको छ ।

उता, विनिमय दरमा आएको परिवर्तनका कारण ६६ अर्ब २९ करोड ऋण थपिएको छ । यसले गर्दा गत साउनसम्म २४ खर्ब ३४ अर्ब ९ करोड बराबर रहेको सार्वजनिक ऋण ८ महिनामै २७ खर्ब नजिक पुगेको हो ।

८ महिनामा खुद ऋण थप भने २ खर्ब ४१ अर्ब ९३ करोड बराबर भएको छ । यस वर्ष विनिमय दरमा भएको परिवर्तनका कारण अधिक भार थपिएको समेत कार्यालयले उल्लेख गरेको छ । फागुनमा एसडीआरको विनिमय दरमा आएको वृद्धिले सार्वजनिक ऋण ह्वात्तै बढेको कार्यालयको विश्लेषण छ ।

**साढे ५ खर्ब ऋण उठाउने लक्ष्य**

एक वर्षमा सरकारले साढे ५ खर्ब सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । फागुन मसान्तसम्म ३ खर्ब ३४ अर्ब ६२ करोड उठाइएको छ । जुन लक्ष्यको ६१.१७ प्रतिशत हो । यस अवधिमा आन्तरिक ऋण लक्ष्यको ८१.५६ प्रतिशत उठिसकेको छ । वाह्य ऋण भने ३०.१७ प्रतिशतमात्र उठेको छ । चालु आव आन्तरिक ऋण ३ खर्ब ३० अर्ब र वाह्य ऋण २ खर्ब १७ अर्ब रुपैयाँ उठाउने लक्ष्य राखिएको छ ।

**ऋण तिर्न ४ खर्ब बजेट, ५० प्रतिशत खर्च**

चालु आव सरकारले सार्वजनिक ऋण भुक्तानीका लागि ४ खर्ब २ अर्ब ८५ करोड विनियोजन गरेको छ । फागुन मसान्तसम्म २ खर्ब १ अर्ब ७२ करोड रुपैयाँ खर्च भइसकेको छ ।

आन्तरिक ऋणको सावाँ भुक्तानीमा १ खर्ब ३४ अर्ब ४७ करोड र ब्याज भुक्तानीमा ३६ अर्ब ९७ करोड खर्च गरिएको छ । वाह्य ऋणको सावाँ भुक्तानीमा २४ अर्ब ५० करोड र ब्याज भुक्तानीमा ५ अर्ब ७७ करोड खर्च भएको छ । यसरी सावाँ भुक्तानी १ खर्ब ५८ अर्ब ९८ करोड र ब्याज भुक्तानी ४२ अर्ब ७४ करोड बराबर भएको छ ।

**बढ्दो ऋण र उचित खर्च व्यवस्थापन नहुनु मुख्य चिन्ता**

सरकारले हरेक वर्ष लिने ठूलो मात्राको ऋण र यसलाई पूँजी निर्माणका क्षेत्रमा खर्च गर्न नसक्नु मुख्य चिन्ताको विषय हो । अर्थ मन्त्रालय स्वयंले यसलाई स्वीकार गरेको छ । मन्त्रालयले बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनेको छ, 'विगत केही वर्षदेखि अनपेक्षित रूपमा लक्ष्य अनुसार राजस्व परिचालन हुन नसकेको तथा वैदेशिक अनुदानको अंश घट्दै गएका कारण आन्तरिक ऋण परिचालनको हिस्सा बढ्दै गएको हो ।'

विकास सहायता व्यवस्थापनमा विभिन्न समस्या देखिँदा सहायता परिचालन प्रभावकारी हुन नसकेको अर्थको निष्कर्ष छ । जसमा आयोजना व्यवस्थापनका विभिन्न पक्षमा कमजोर प्रदर्शन, अधिकांश आयोजनाको समय र लागत बढ्नु, अन्तरमन्त्रालय समन्वय अभाव, वैदेशिक ऋणको विनिमय जोखिम पूर्वानुमान गर्न कठिन हुनुजस्ता समस्या समेत अर्थले औंल्याएको छ ।

ऋणको पासोमा पर्नबाट राज्य बच्ने हो भने आर्थिक गतिविधि बढाइ राजस्व वृद्धिमा ध्यान दिनुको विकल्प नरहेको अर्थविद्हरूको सुझाव छ । 'एक व्यक्तिले एक कप कफी पियो भने पनि राज्यको खातामा १३ प्रतिशत राजस्व आइहाल्छ, स-साना कामबाटै हामीले सुधारको प्रयास थालिहाल्नुपर्ने छ,' अर्थविद् प्रा. डा. विश्व पौडेल भन्छन् ।

ऋणको अंकले रेड फ्ल्याग देखाइसकेको भन्दै उनले बेलैमा सचेत नहुने हो भने ऋणको ब्याज र स्याज तिर्दै ठूलो रकम खर्च हुने र पूँजी निर्माणमा बजेट अभाव हुने उनको भनाइ छ । सरकारले आफ्नो फजुल खर्च घटाउँदै आर्थिक गतिविधिमा ध्यान दिने, विद्युतीय सवारीमा दिइरहेको सहुलियत पुनर्विचार गर्दै राजस्व वृद्धिमा ध्यान दिनुपर्ने उनको सुझाव छ ।

*(स्रोत: अनलाइनखबर)*

# २५ करोड बराबरको विदेशी मुद्रासहित एकजना पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/राजश्व छली गरी विभिन्न देशका मुद्रा अवैधरुपमा ओसारपसार तथा कारोबार गर्ने गिरोहका एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंगलवार चैत्र ४ गते राति ११ बजे काठमाडौंका टोखा नगरपालिका वडा नम्बर २ स्थित झोरमा ना.७ ख १६५२ नम्बरको मालवाहक ट्रक गाडीसहित करिव २५ करोड रुपैयाँ बरामद गरेको हो । अमेरिकी डलर, युरो लगायतको मुद्रा रहेको प्रहरीले बताएको छ । मंगलवार पत्रकार सम्मेलन गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख प्रहरी वरिष्ठउपरीक्षक रमेशकुमार बस्नेतले बताए ।

विशेष सुराकीको आधारमा रसुवातर्फ जाँदै गरेको गाडी नियन्त्रणमा लिइएको बताए । पक्राउ पर्नेमा ट्रकका चालक जिल्ला सिन्धुपाल्चोक, भोटेकोशी गाउँपालिका-१ का फुच्चे भन्ने कुसाङ लामा रहेका छन् । खानतलासीका क्रममा ट्रकको चालक बस्ने क्याबिनको माथिल्लो भागमा फल्सबटम बनाइ लुकाईछिपाई ल्याएको अमेरिकी डलर र युरो भेटिएको प्रहरीले बताएको छ ।

बरामद रकम अमेरिकी डलर १ सय दरका नोटहरु ३ हजार १ सय १९, ५० दरका नोटहरु १७९, युरो ५ सय दरका थान ११, युरो २ सय दरका थान, ४८०, युरो सय दरका थान ४ हजार १४८, युरो ५० दरका थान १७ हजार १७७ र मोवाइल २ थान बरामद भएको हो । ४३ वर्षका लामा पहिला पनि एकपटक पक्राउ परी जेल चलान भइसकेको व्यक्ति भएको प्रहरीले जनाएको छ । ७ केजी सुन तस्करीको अभियोगमा ५ वर्ष कारागार बसेर रिहा भएका लामा पुन पक्राउ परेका हुन् ।

# गाईगोरुलाई यातनापूर्वक ट्रकमा कोचेर ढुवानी

काठमाडौं/गाईवस्तुलाई जीवनभर दोहन गर्ने र बुढो भएपछि बिक्री गर्ने प्रवृत्ति छ । यसरी बिक्री भएका गाईगोरु कहाँ पुऱ्याइन्छ ? के गरिन्छ ? खासै सोधीखोजी हुने गरेको छैन । नवलपरासीमा यसरी नै कतै ढुवानी गरिरहेको गाईगोरुको प्रहरीले उद्धार गरेको छ ।

नवलपरासी वर्दघाट सुनवल नगरपालिका-१२ हरकट्टाको भित्री सडक खण्डमा आइतबार बिहान करिब ४:३० बजे हेटौंडातिर जाँदै गरेको बागमती प्रदेश ०३००१ ख ३४७५ नम्बरको मिनी ट्रकमा गाई र गोरुलाई ढुवानी मापदण्ड विपरीत क्रूर व्यवहार गरेर ढुवानी गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो ।

अस्थायी प्रहरी बिट भुमाइ इलाका प्रहरी सुनवल र लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङबाट खटिएको संयुक्त टोलीले ट्रकलाई नियन्त्रणमा लिएको थियो । १३ वटा गाई र ५ वटा गोरुलाई मिनी ट्रकमा पुच्छर वा सिङ बाँधेर राखेको र हलचल गर्नै नसकिने गरी कोचिएको थियो । यस्तो अवस्थामा प्रहरीले नियन्त्रणमा लिएर गाई गोरुलाई सुनवल गौशालामा बुझाएको र यसमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीर दत्त पन्तले जानकारी दिए ।

पन्त भन्छन् 'व्यवसायिक प्रयोजनका लागि मकवानपुरबाट हेटौंडातर्फ लग्दै गरिएको गाई गोरुलाई क्रूर व्यवहार गरेको शंका लागेपछि चेकजाँच गरी नियन्त्रणमा लिइएको हो ।' यसरी ढुवानी मापदण्ड विपरीत गाई, गोरुलाई ढुवानी गर्ने चालक र सहचालकलाई नियन्त्रणमा लिई नवलपरासी जिल्ला अदालतबाट पशुपंक्षी सम्बन्धी कसुरमा म्याद थप गरी जिल्ला प्रहरी कार्यालय नवलपरासीमा अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

# एक अर्ब ९० करोड खर्चेर हेटौंडामा इभी उत्पादन हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/नेपालमै सवारी एसेम्बल तथा उत्पादन गर्न उद्योग दर्ता हुने क्रम बढिरहेको अवस्थामा हेटौंडामा विद्युतीय मोटर साइकल तथा स्कुटर, विद्युतीय कार र प्यासेन्जर भ्यानसमेत उत्पादन/एसेम्बल गर्नेगरी उद्योग स्थापना हुने भएको छ ।

'टीबीडी इन्फ्राटेक' कम्पनीले हेटौंडामा एसेम्बल प्लान्ट स्थापना गरेर सवारीसाधनका साथै विद्युतीय सवारी चार्ज गर्ने आवश्यक चार्जरसमेत नेपालमै बनाउने भएको हो । गत कात्तिकमा टीबीडी इन्फ्राटेकले हेटौंडामा उद्योग स्थापना गरेर सवारी उत्पादन गर्ने भन्दै उद्योग दर्ता गरेको थियो । विद्युतीय सवारीको बढ्दो मागका कारण कम्पनीले विद्युतीय सवारीमात्र उत्पादन गर्नेगरी उद्योग स्थापना गर्ने भएको छ ।

ठूलो वर्गको यो उद्योगमा १ अर्ब ८९ करोड ४९ लाख रुपैयाँ लगानी प्रतिबद्धता गरिएको छ । उत्पादनमूलक उद्योगकारुपमा दर्ता भएको टीबीडी इन्फ्राटेकले उद्योग सञ्चालनमा आइसक्दा १ सय ३ जनालाई प्रत्यक्ष रोजगारी दिने जनाएको छ । टीबीडी इन्फ्राटेकले ठूलो संख्यामा सवारीसाधन उत्पादनको प्रस्ताव गरेको छ । यो उद्योगले दुईपांग्रेका साथै प्यासेन्जर कार र विद्युतीय भ्यान उत्पादन गर्ने बताइएको छ ।

टीबीडी इन्फ्राटेक वार्षिक ५ हजार थान दुईपांग्रे विद्युतीय सवारी, विद्युतीय प्यासेन्जर कार ७ हजार वटा र विद्युतीय चारपांग्रे भ्यान २ हजार वटा उत्पादन गर्ने योजना अघि सारेको छ । उद्योगले वार्षिक कुल १४ हजार सवारी उत्पादन गर्ने प्रस्ताव गरेको हो । उद्योगले विद्युतीय सवारीका लागि अत्यावश्यक चार्जर पनि उत्पादन गर्ने बताएको छ । टीबीडी इन्फ्राटेकले वार्षिक ५ हजार वटा ईभी चार्जर उत्पादन गर्ने प्रस्ताव गरेको हो ।

नेपालमा हाल यात्री मोटरसाइकलले विद्युतीय चार्जर उत्पादन गर्दै आएको छ भने अन्य सबैजसो चार्जर चीनबाट आयात हुँदै आइरहेको छ । नेपालमा सवारी एसेम्बल गर्न भन्दै ४ दर्जनभन्दा बढी उद्योग दर्ता भइसकेका छन् । विगतमा हुलास मोटर्सले विराटनगरमा नेपालमै सवारी उत्पादन गर्दै आएको थियो । तर, सरकारले २०६९ मा युरो थ्री स्तरको सवारी प्रदूषण मापदण्ड कार्यान्वयनमा ल्याएपछि हुलास मोटर्स पूर्णरुपमा बन्द भयो । हाल यो उद्योगले पनि तीनपांग्रे विद्युतीय सवारी एसेम्बल गर्दै आएको छ ।

त्यसपछि बजाजको मोटर साइकल नेपालमै एसेम्बल सुरु गरेको थियो । त्यसयता नेपालमा मोटरसाइकल तथा स्कुटर आयात गर्ने सबैजसो कम्पनीले नेपामै एसेम्बल गर्दै आएका छन् । बजाज, टीभीएस, यामाहा, रोयल इनफिल्ड, सुजुकी, होन्डालगायत ब्रान्डले मोटर साइकल तथा स्कुटर एसेम्बल गरि रहेका छन् । चीनबाट विद्युतीय स्कुटर आयात गर्दै आएका कम्पनीहरुले पनि सानो स्केलमा सीकेडी आयात गरेर वर्कशपमै भएपनि एसेम्बल गरिहेका छन् ।

चारपांग्रे सवारी एसेम्बल भने नेपालमा हुन्डाईले सुरु गरेको हो । हुन्डाईको नेपालका लागि आधिकारिक बिक्रेता लक्ष्मी समूह अन्तर्गतको लक्ष्मी इन्टरकन्टिनेन्टलले एक वर्षअघिबाट नवलपरासीको रामग्राममा प्लान्ट स्थापना गरेर हुन्डाईको भेन्यु कार नेपालमै बनाइरहेको छ ।

यो कम्पनीले हुन्डाईको क्रेटा र आईटेन कार पनि परीक्षण उत्पादन गरिसकेको र बिक्रीका लागि ल्याउने तयारीमा रहेको बताइएको छ । अन्य धेरै कम्पनीले नेपालमै कार बनाउने भनेर उद्योग दर्ता गरेपनि हालसम्म हुन्डाईबाहेक अन्यले ठोस काम भने गरेका छैनन् ।

# हेटौंडामा ३९० घण्टा ब्युटिपार्लर तालिम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुरको हेटौंडामा ३९० घण्टा आधारभूत ब्युटिपार्लर तालिम सुरु भएको छ । बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सीटीईभीटी) र हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा तालिम भएको हो ।

सूर्यमणि प्राविधिक शिक्षालय प्रालिको आयोजनामा भएको तालिममा हेटौंडा उपमहानगर पालिकाको १९ वटै वडाका २० जना महिला सहभागिता रहेको कार्यक्रम संयोजक मेनका श्रेष्ठले जानकारी दिइन् । तालिम व्यवस्थापन र सीप परीक्षणका लागि सीटीइभीटी र हेटौंडा उपमहानगरपालिकाले ६०/४० प्रतिशत आर्थिक सहयोग प्रदान गरेका छन् ।

महिलालाई स्वदेशमै स्वरोजगार तथा आत्मनिर्भरतामा सघाउने उद्देश्यले थालिएको तालिमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन् गरिन् । तालिम उद्घाटनमा नगर प्रमुख लामाले प्राकृतिक सौन्दर्यको सामग्री प्रयोग गरी व्युटी पार्लर क्षेत्रलाई व्यावसायिक बनाउन तालिम प्रभावकारी हुने अपेक्षा व्यक्त गरिन् ।

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् (सीटीईभीटी) का प्रमुख शान्ति लामाले महिलालाई आफ्नै ठाउँमा सीप सिकेर स्वरोजगार हुन तालिमलाई भरपुर उपयोग गर्न प्रशिक्षार्थीलाई आग्रह गरिन् ।


बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
हेटौंडा, मकवानपुर

**प्रस्ताव आह्वानको सम्बन्धी सूचना !**

*प्रथम पटक प्रकाशित मिति: २०८१/१२/०६*

पशु सेवा कार्यालय, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत देहायको कार्यक्रममा सहभागी हुन इच्छुक एवं मापदण्ड पूरा गरेका मकवानपुर जिल्ला बकैया गाउँपालिका वडा नं ५ भित्रका आवेदकले सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८१/१२/१२) भित्र तपशिलमा उल्लेखित कागजात सहित कार्यालय समयमा यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद नाघी वा रितपुर्वक दर्ता हुन आएका आवेदनलाई कार्यक्रममा समावेश नगराईने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | एकाई | परिमाण | बालीवस्तु | कार्यालयको कुल बजेट (रु लाख) | आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम | संख्या | १ | गाई/भैसी | ४० | कृषक समुह/सहकारी | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० | |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. तोकिएका ढाँचामा रु १०।- को हुलाक टिकट सहितको आवेदन,
२. संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र,
३. प्यान दर्ता र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. कार्यक्रममा सहभागीता सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि
५. कार्यक्रममा सहभागीता सम्बन्धि वडाको सिफारिस
६. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस
७. कार्यविधिमा तोकिए बमोजिमको विस्तृत कार्ययोजना र स्वघोषणा
८. सहकारी संस्थाको हकमा आ.व. २०८०/०८१ को साधारण सभा सम्बन्धी कागजात
९. कार्यविधिमा तोकिए बमोजिम अन्य कागजात

**पुनश्च:** कार्यक्रमको लगानीको ढाँचा सम्बन्धित कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०५७४१२८२८, ९८५५०२७७२९ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।



**क्षयरोगबाट बचौं र बचाऔं**

- लगातार खोकी लाग्ने.
- खोकीमा रगत देखापर्ने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

**क्षयरोगबाट बच्न:**

- धूम्रपान तथा मद्यपान नगरौं.
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाच्छ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाडै बसौं र रोगीको जुठो नखाऔं
- क्षयरोगको शंकालागेमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हार्दिक बधाई तथा शुभकामना**





निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को १६ औं राष्ट्रिय महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित हुनुभएका तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **श्री आशिष श्रेष्ठ**, सर्वसम्मत सह-कोषाध्यक्षमा निर्वाचित हुनुभएको हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सिपल **श्री ग्रेस श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**श्रीबहादुर कार्की (प्रिन्सिपल) एवम्**
**जेनिथ इन्टरनेशनल मा.वि./हेटौंडा सिटी कलेज परिवार**



**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै
सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट :**
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना